मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

‘हामी गौशाला धर्मशालाका मोही हौं हामीविरुद्ध जातीय विभेद गरियो’



सम्वाद
पृष्ठ ७ मा

वर्ष २ • अंक ३२९ • २०८१ साल कार्तिक ०७ गते बुधबार • Wednesday 23, October 2024 • सूर्योदय: बिहान ६:०९ बजे • सूर्यास्त: साँझ ५:२९ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## ‘उपेन्द्रलाई छुट, रविलाई हत्कडी किन ?’





**मधेशदृष्टि**
**काठमाडौ ।**

आम जनता पार्टी (आजपा)का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीसँग ‘गौर हत्याकाण्ड’का हत्यारालाई कारबाही गर्न माग गरेका छन् । गौर हत्याकाण्डका हत्यारालाई कारबाही गर्न ढिलाई किन गरिएको भन्दै उनले सरकारको आलोचना गरे ।

बालुवाटारमा प्रधानमन्त्री ओलीसँगको भेटघाटमा आजपा अध्यक्ष साहले गौर हत्याकाण्डका हत्यारालाई छिटोभन्दा छिटो कारबाही गर्नुपर्ने बताए । पीडित परिवारलाई न्याय दिलाउँन आफ्नो पूर्ण साथ सहयोग रहने बताउँदै अध्यक्ष साह हत्याराहरु खुलेयाम घुमिरहँदासमेत सरकार रमिते भएको आरोप प्रधानमन्त्रीकै अगाडि लगाए ।

सरकारलाई समर्थन गरेकै आधारमा जसपा अध्यक्ष उपेन्द्र यादवलाई बोक्ने र सरकारको विरोध गरेका कारण रास्वपा अध्यक्ष रवि लामिछानेलाई जाक्ने काम ठीक नभएको उनले बताए । ‘सरकारको नेतृत्वमा नहुँदा हिजोको दिनमा प्रधानमन्त्री ओलीजीले संसदमा सहकारी ठगी प्रकरणमा रवि निर्दोष भएको बताउँने तर आज सरकारको विरोध गरेपछि रविजी दोषी कसरी भए ?,’ आजपा अध्यक्ष प्रधानमन्त्री ओलीसंग प्रश्न गर्दै भने, ‘सरकारको समर्थन गरेकै आधारमा गौर हत्याकाण्डका उपेन्द्रहरुलाई बोक्ने र विरोध गर्ने रविहरुलाई जाक्ने काम ठिक होइन ।’

उनले सरकारको समर्थन वा विरोध गर्ने आधारमा नभई प्रमाणका आधारमा कारबाही हुनुपर्ने बताए । तर सरकारले विरोध गर्ने विपक्षीलाई जेल हाल्ने र दोषी भए पनि सरकारको समर्थन गर्नेलाई बोक्ने काम प्रधानमन्त्री ओलीले गरिरहेको आरोप लगाए । ‘गौर हत्याकाण्डका हत्यारालाई कारबाही गर्न सरकारले आलटाल गरिरहेको छ । हत्यारासँगै साँठगाँठ गरेको छ । यस्तो अवस्थामा पीडितले कसरी न्याय पाउँछ ?,’ आजपा अध्यक्ष साहले सञ्चारकर्मीसँग भने, ‘हामीले यसबारे पटकपटक सरकारलाई ध्यानाकर्षण गराउँदै आएका छौँ । यसभन्दा अघिल्लो सरकारले कारबाहीका लागि पहल गरेको थियो । तर अहिले आएर सरकारले हत्यारासँगै साँठगाँठ गरेकाले हत्यारा खुलेयाम घुमिरहेका छन्, सरकार रमिते भएको छ ।’

आजपा र गौर हत्याकाण्डपीडित संघर्ष समितिले न्यायको माग गर्दै आन्दोलन गर्दै आएको छ । गौरदेखि काठमाडौसम्म यसबारेमा आन्दोलन हुँदै आएको छ । हत्यारालाई कारबाही नगरिए बाध्य भएर सशक्त आन्दोलनमा जानुपर्ने हुनसक्ने उनले जनाए । हत्यारालाई कारबाही गराउन आजपाले सशक्त आन्दोलन गर्ने चेतावनी समेत दिँदै आएको छ । २०६३ चैत ७ गते दिउँसो १ बजे उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरमका कार्यकर्ताहरुले २८ निर्दोष माओवादी कार्यकर्ताको निर्मम हत्या गरेका थिए । उपेन्द्र यादवको नेतृत्वमा भएको घटनामा २७ जनाको घटनास्थलमै र १ जनाको उपचारक्रममा मृत्यु भएको थियो भने सैयौँको संख्यामा

बाँकी पृष्ठ २ मा

## बाढीपीडितका नाममा १५ हजार फिर्ता लगियो १२ हजार



**मधेशदृष्टि**
**राजविराज ।**

कहीँ नभएको जात्रा मधेश प्रदेशमै देखिन थालेको छ । स्थानीय तह, प्रदेश सरकार मात्र होइन दाता संस्थाहरुको राहतमा पनि लाखमा होइन, करोडमा घोटाला हाकाहाकी हुन थालेको पाइएको छ । विश्व खाद्य कार्यक्रम (डब्ल्युएफपी) ले सप्तरीमा बाढी प्रभावितका लागि गरेको आर्थिक सहयोगमा एक करोड रुपैयाँ भन्दा बढी रकम हिनामिना भएको पाइएको हो ।

हनुमाननगर कंकालिनी नगरपालिकामा डब्ल्युएफपीले काठमाडौस्थित ‘सेवक नेपाल’ गैरसरकारी संस्थाको साझेदारीमा दुई करोड ५३ लाख ५० हजार रुपैयाँ खर्च गरेको थियो । तर, रकममध्ये आधाभन्दा बढी वास्तविक बाढी प्रभावितसम्म नपुगेको र वास्तविक प्रभावितलाई दिइएको रकमबाट पनि ५ देखि १२ हजार रुपैयाँ दरले फिर्ता लिइएको पाइएको छ । उनीहरुले २० प्रतिशत रकम जनतालाई बाँडेर ८० प्रतिशत रकम फिर्ता लैजाँदा पनि प्रशासन र दाताहरु मौन देखिएको छ ।

कार्यक्रमअन्तर्गत बाढी प्रभावित परिवारलाई १५ हजार रुपैयाँका दरले आर्थिक सहयोग गरिएको थियो । आइडियल सहकारी संस्थामार्फत वितरित १५ हजार रुपैयाँको चेक साटिएलगत्तै बाहिर निस्कनेबित्तिकै स्थानीय वडा सदस्य र चेक दिने संस्थाका हाकिमले १०–१० र एक जनासँग १२ हजार रुपैयाँका दरले पैसा फिर्ता लिइएको पाइएको हो । माथिका हाकिमलाई दिनुपर्छ र अर्कोपटक फेरि पैसा आउने भन्दै उनीहरुले पैसा लगेपछि १५ हजार रुपैयाँका चेक साट्नेहरु ३ हजार रुपैयाँ बोकेर घर फर्किएका थिए । उनीहरुसँगै बैंकबाट फर्किरहेका व्यक्तिसँग १२ हजार रुपैयाँ फिर्ता लिइएको पाइएको हो । ‘मेरो घरमा पानी पसेकै थिएन र मलाई नागरिकताको फोटोकपी लिने बेलामा नै ३ हजार रुपैयाँ मात्रै दिन्छु भन्नुभएको थियो,’ एक लाभग्राहीले भने, ‘मैले थोरै रकम पाउने कुरा थियो, ३ हजार रुपैयाँ लिएएको हुँ ।’

### वडा कार्यालयमा तालाबन्दी

राहत सहयोगमा भेदभाव तथा रकम हिनामिना भएको पाइएपछि शुक्रबार वास्तविक बाढीप्रभावितले प्रदर्शन गरेका थिए । प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीलाई ज्ञापनपत्रसमेत बुझाएका थिए । उनीहरुले वडाध्यक्षहरुले साझेदार संस्थासँग मिलेर केही रकम आफ्ना आसेपासेलाई वितरण गरेको तथा एक करोड रुपैयाँ भन्दा बढी रकम हिनामिना भएको पाइएको हो । ‘सहयोग गरेका धेरैजसो वास्तविक बाढी प्रभावित होइनन्, वडाध्यक्षहरूले आफ्ना आसेपासेका नाम मात्रै सिफारिस गरेर रकम वितरण गरेका हुन्,’ अशोक यादवले भने, ‘फर्जी विवरण बनाएर एकै घरका ४ जनासम्मले रकम लिएका छन् ।’ स्थानीयले हनुमाननगरका वडा नम्बर ५, ७, १२ र १३ का ४ वटा वडा कार्यालयमा तालाबन्दी भएको छ ।

### द्वन्द्व उत्पन्न

मेयर वीरेन्द्र माझीले डब्ल्युएफपीले निष्पक्ष ढंगले राहत रकम वितरण नगर्दा नगरपालिकामा द्वन्द्व उत्पन्न भएको बताए । ‘डब्ल्युएफपीले वडासँग मात्र समन्वय गरेर रकम वितरण गरेको छ, हामीलाई जानकारी नै छैन,’ उनले भने, ‘कार्यक्रम विवादित भइसकेपछि सिडिओ साबको सल्लाहअनुसार नै मैले दशैँअघि नै तत्कालका लागि कार्यक्रम रोक्न जिल्ला प्रशासन कार्यालयमा पत्र पठाएको थिएँ तर दशैँपछि पुनः रकम वितरण हुन थाल्यो र द्वन्द्व बढ्यो ।’

विभिन्न वडाका १ हजार ६ सय ९० परिवारलाई राहत माग भएको थियो । मेयर माझीले सहयोग पाएकासँग १२ हजार रुपैयाँसम्म फिर्ता लिइएको गुनासो आएको बताए । सेवक नेपालका जिल्ला संयोजक मुरारीकुमार शुक्लाले कर्मचारीले पैसा उठाएको विषय सुन्नमा आएको प्रतिक्रिया दिए ।

## ‘कर्मचारी हुँदा कानूनका कुराले समस्या नहुँदा कामै ठप्प’




**मधेशदृष्टि**
**जनकपुरधाम ।**

मधेश प्रदेश सरकार प्रतिपक्षीको प्रहारमा मात्र परेको छैन । आफ्नै कर्मचारी संयन्त्रको असहयोगका कारण पनि प्रदेश सरकार आजित छ । प्रदेश सरकारका प्रमुख सचिव लेखनाथ पौड्याल डेढ महिनाअघि एक हप्ताको बिदा लिएर तालिममा गए । सरकारका मुख्य सचिवसँग बिदा लिएर एक हप्ताका लागि प्रदेश छाडेका पौड्याल सात हप्ता बित्दा पनि फर्किएका छैनन् ।मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सूचना अधिकृत जयकुमार राउतका अनुसार प्रमुख सचिव पौड्याल दशैँलगत्तै कार्यालय खुलेको दिन आइसक्नुपर्ने थियो । तर, उनी अझै सम्पर्कविहीन छन् ।

प्रदेश सरकार कार्यान्वयनमा आएको करिब सात वर्ष बितिसक्यो । कुनै सरकारले निर्धारित समयमा सबै बजेट कार्यान्वयन गर्न सकेको छैन । सरकारले समयमा काम गर्न नसक्नुको कारण सरकारको खिँचातानी मात्रै होइन, कर्मचारीको असहयोग पनि हो । मुख्यमन्त्री वा मन्त्री अथवा कोही जनप्रतिनिधिले सकभर समयमा जनताबीच गरेको वाचा पूरा गर्न खोज्दा कर्मचारी हुँदा पनि अनेक उल्झन देखाएर समयमा काम नहुने परिपाटी छ । नहुँदा त झन काम अघि बढ्ने नै भएन । उसै पनि प्रदेशमा बढुवाका लागि जानै पर्ने बाध्यकारी व्यवस्था भएकाले आएका कर्मचारीहरु अनेक नियम कानून बाझिने र समस्यामा पर्ने भन्दै कामबाट पन्छिने गरेको सात वटै प्रदेश सरकारको अनुभव छदैँछ ।

कर्मचारी अभावमै समयमा योजनाको सम्झौता नहुने, कागजात नपुगेको भन्दै पर सार्दै जाने प्रवृत्तिमा जनप्रतिनिधि या प्रदेश सरकारको जति आलोचना हुन्छ, कर्मचारी भने बच्ने गरेका छन् । कैयौँ कर्मचारी ६ महिना प्रदेश बसेर कामै नगरी सरुवा हुने क्रम बढ्दो छ । कर्मचारी बिदामा बसेपछि उस्तै समस्या हुने गरेको छ । ‘कर्मचारी हुँदा कानूनका कुराले समस्या, नहुँदा कामै ठप्प,’ एक प्रदेश सांसदले भने, ‘जनतालाई बजेट पारेर के गर्ने, कहिल्यै समयमा सम्झौता गर्न सकिएन, समयमा बजेट पुगेर काम राम्रो गर्न पाइएन, दोष भने जनप्रतिनिधिलाई मात्रै दिइन्छ, कर्मचारीको कति असहयोग छ, भने झन अरु काम पनि नहोला भन्ने डर छ ।’

## भारतीय विमानमा बमको हल्ला मात्रै

**काठमाडौ ।**

भारतको विमान सेवा कम्पनी भिस्तारा एयरको विमानमा बम राखेको हल्ला फैलिएपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा नेपाली सेनाले अनुसन्धान गरेको छ । भारतको नयाँदिल्लीबाट काठमाडौस्थित विमानस्थलमा अवतरण गरेको भिस्ताराको विमानमा बम राखेको हल्लापछि सेनाको डिस्पोजल टोलीले खोजी गरेको हो । बम राखिएको हल्लापछि करिब तीन घण्टा रोकिएको भिस्तारा एयरवेजको जहाज खरामुक्त रहेको प्रमाणित भएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेलगत्तै रोकिएको भिस्ताराको जहाज भारत नयाँदिल्लीका लागि उडान गरेको छ । ‘भिस्ताराको जहाजमा बम वा अन्य कुनै शंकास्पद वस्तु भेटिएन,’ नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रवक्ता ज्ञानेन्द्र भुलले भने, ‘सेना तथा प्रहरीको सर्च अपरेसनले जहाजको आन्तरिक तथा बाह्य भाग एवम् यात्रुका ब्यागेज सबै जाँच गर्दा शंकास्पद वस्तु केही भेटिएन । त्यसपछि जहाजलाई खतरामुक्त प्रमाणित गरियो ।’

भारतको एउटा ह्वाट्स एप नम्बरबाट भिस्ताराको जहाजमा बम राखिएको कल आएपछि सुरक्षा निकायले जहाजमा सर्च गरेका थिए । नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीका अनुसार भिस्तारा एयरको विमानमा बम राखेको हल्लापछि नेपाली सेनाको विस्पोटक पदार्थ निस्क्रिय गर्ने विशेष टोलीले खानतलासी गरेको हो । भिस्ताराको उडान नम्बर ‘यूके १५५’ भएको विमानमा बम राखेको फोन दिल्लीबाटै आएको थियो ।

## मधेशका युवाहरुमाझ जसपा नेपालप्रतिको ‘क्रेज’ बढेको छः राउत



**मधेशदृष्टि**
**वीरगंज ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालका महासचिव लालबाबु राउतले दुई चार जना अवसरवादीहरुले पार्टी फुटाएर गएपनि त्यसले संगठनको संरचनामा कुनै असर नपरेको बताएका छन् । ‘जनतासँग जसपा नेपाल, आधारभूत सङ्गठन निर्माण’ अभियान अन्तर्गत मंगलबार रामगढवास्थित कुर्मी सेवा सदनमा आयोजित कार्यक्रममा उनले दुई चार जना पार्टी फुटाएर गएपछि अझ राम्रो र धेरै मान्छेहरुले पार्टीमा प्रवेश गरिरहेको बताए । मधेश प्रदेशका प्रथम मुख्यमन्त्रीसमेत रहेका महासचिव राउतले यस चार महिने अभियानमा मधेशका युवाहरुमा पार्टी प्रति आकर्षण बढ्दै गइरहेको दाबी गरे । ‘दुई चार जना पार्टी फोड्ने अवसरवादीहरु नीजि स्वार्थका लागि छोडेर जाँदैमा संगठनलाई खासै फरक नपरेको छैन बरु पार्टीप्रति युवामा झन लोकप्रियता बढ्दै गइरहेको छ ।’ उनले भने, ‘अवसरवादीहरुले पार्टी छोडेर गएपनि पर्सालगायत मधेश प्रदेशभर राम्रा छवि भएका मिहिनति युवाहरु पार्टीमा जोडिदै हुनुहुन्छ ।’

महासचिव राउतले पार्टीको सङ्गठन निर्माण, विस्तार, शुद्धीकरण र सुदृढीकरण अभियानमा होमिन सम्पूर्ण नेता तथा कार्यकर्ताहरुलाई निर्देशन दिए । सङ्गठनलाई चुस्तदुरुस्त र बलियो बनाउन, उत्पीडित समुदायको हक अधिकारको पैरवी गर्न उनले पार्टी पंक्तिलाई आग्रह गरे । यसैबीच जसपा नेपालले संगीता तिवारीको अध्यक्षतामा २७ सदस्यीय नेपाल समाजवादी महिला संघ जिल्ला समिति पर्सा गठन गरेको छ । त्यसैगरी रेनु सर्राफको अध्यक्षतामा संघको २१ सदस्यीय वीरगंज महानगर समिति गठन गरिएको छ । कार्यक्रममा ‘जनतासँग जसपा नेपाल, आधारभूत सङ्गठन निर्माण’ अभियानका मधेश प्रदेश संयोजक हरिनारायण यादव, अभियानका मधेश प्रदेश अध्यक्ष बालकिशोर यादव, जसपा नेपालका जिल्ला अध्यक्ष, रामनरेश यादव, नेता शेख खुर्सेद, फिरोज मंसुर, शशिकपुर मियाँ, नेपाल समाजवादी महिला संघकी मधेश प्रदेश अध्यक्ष संजीला यादव, मिनु झा, उषा यादवलगायतको उपस्थिति रहेको थियो ।



**बेलिब्रिज जडानमा सेना:** सिन्धुलीको खुर्कोट र रामेछापको मन्थली जोड्ने पक्की पुलको आधा भाग सुनकोशी नदीमा आएको बाढीले बगाएपश्चात् पुनर्निर्माणमा खटिएका नेपाली सेनाको टोलीद्वारा जडान गरिएको बेलिब्रिज । यो कार्य सम्पन्नसँगै मंगलबारबाट यातायात सुचारु भएको छ ।
सौजन्य तस्बिरः नेपाली सेना

# धोविनी गाउँपालिकाको शिक्षा क्षेत्र अस्तव्यस्त

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको धोविनी गाउँपालिकामा शैक्षिक अवस्थादेखि विकास निर्माणका काम अस्तव्यस्त बनेको छ । गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा शिक्षा शाखा संयोजकको बेवास्ताका कारणले धोविनी गाउँपालिकाको शैक्षिक अवस्था खस्किदै गएको हो । गाउँपालिका अन्तर्गतको विद्यालयमा कार्यरत शिक्षक, लेखापाल र कार्यालय सहयोगीहरुको समेत तलब भुक्तानी नदिँदा विद्यालयको पठनपाठनहरु प्रभावित भएको छ । गाउँपालिकाले संघीय सरकारले अनुदानमा पठाउने शिक्षकको तलव समेत नदिएपछि शिक्षक र विद्यार्थीहरु आन्दोलित भएका छन् । धोविनी गाउँपालिकाको अजिज मियाँ माध्यामिक विद्यालयका पाँच जना शिक्षकको अनुदानमा आउने तलब गाउँपालिकाले अहिलेसम्म भुक्तानी नगर्दा पठनपाठन प्रभावित भएको भन्दै शिक्षक विद्याथीहरुले गाउँपालिकामा प्रदर्शन गरेका छन् । नेपाल शिक्षक महासंघ धोविनी गाउँपालिकाका अध्यक्ष मोहम्मद आरिफ अन्सारीका अनुसार गाउँपालिकामा चार महिनादेखि शिक्षक, कर्मचारीहरुले तलब पाएका छैनन् । गाउँपालिकाले दिनुपर्ने विद्यालयका बालविकास, लेखापाल र कार्यालय सहयोगीहरुको तलब अहिलेसम्म नदिएको महासंघका अध्यक्ष अन्सारीले बताए । धोविनी गाउँपालिका अध्यक्ष मदन चौहान भने विद्यालयका शिक्षकहरुले तलब नपाएको विषयमा अनभिज्ञता प्रकट गरे ।

# महिलाको ठगी गिरोह नै सक्रिय



**मधेशदृष्टि**
**रौतहट ।**
महिला ठग गिरोहसँग सचेत रहन प्रहरीले आग्रह गरेको छ । जिल्ला प्रहरी कार्यालय रौतहटले सार्वजनिक सूचना जारी गर्दै कुनै प्रलोभनमा नपरी ठगी गर्ने महिला गिरोहसँग सचेत रहन आग्रह गरेको हो । विभिन्न गाउँमा केही ठग महिला सक्रिय रहेको पाइएको छ ।
भारतीय ४–५ महिलाको गिरोहले गौर, मिठुअवा, खेसरहिया, महादेवपट्टिलगायतका स्थानमा गई महिला, आमा, दिदी बहिनीलाई विभिन्न प्रलोभन देखाएर चाँदीको पायल दिदा एक दिनपछि पायल र थपमा राइस कुकर दिने, चाँदीको बिच्छिया दिँदा एक दिनपछि बिच्छियासहित पित्तलको कमण्डलु दिने, सुनको मंगलसूत्र, टीकासहित अन्य गहना दिँदा एक दिनपछि गरगहनासहित नगद ५० हजार रुपैयाँसँगै एउटा फ्रिज दिने भन्दै ठगी गरेको पाइएको छ ।
गिरोहले सिधा तथा अशिक्षित महिलालाई झुक्याएर महंगा सुनचाँदीको गहना ठगेर सम्पर्कविहीन हुने निश्चित रहेकाले त्यस्ता कुनै प्रलोभनबाट जोगिन प्रहरीले जिल्लाबासीमा अनुरोध गरेको हो ।
त्यस्तो प्रलोभन दिने ठग महिलापुरुषको गिरोह गाउँघरमा देखा परे जिल्ला प्रहरी कार्यालय रौतहटको कन्ट्रोल नम्बर १०० वा ९८५५० ४०९९९ मा फोन गरी जानकारी दिन प्रहरीले सूचनामार्फत आग्रह गरेको छ ।

# भाजपाको सदस्यता अभियान सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विश्वको सबैभन्दा ठूलो पार्टी भारतीय जनता पार्टीको सदस्यता अभियान शुरु भएको छ । सदस्यता बन्नका लागि भारतीय जनता पार्टीका राष्ट्रिय, प्रदेश, जिल्ला, उपडिभिजन, ब्लकदेखि पञ्चायत तहसम्मका सांसद, विधायक, पदाधिकारी तनमनले काम गरिरहेका छन् । सबै नेता धेरै सदस्य बनाउन घरदैलोमा पुगेका छन् । यसका लागि ८८०००००२०२४ नम्बरमा मिसकल गर्नु पर्नेछ । त्यसपछि एउटा सन्देश आउँछ, जसमा सदस्यता नम्बर समावेश हुनेछ । भाजपा सदस्यहरूले एन्ड्रोइड मोबाइलबाट आफ्नो फोटो आइडी बनाउन सक्छन्, तर तिनीहरू बटन बाली मोबाइलबाट मात्र सदस्य बन्न सक्छन् । यसका लागि मोबाइल अनिवार्य छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पहिलो सदस्य बनेर यसको शुरुवात गरेका थिए । हालसम्म १२ करोड सदस्य बनेका छन् । एक हजार सदस्य बनाएका नेता मोदी फ्रेन्डमा सामेल हुने भएका छन् । भाजपा नेता तथा नालन्दा जिल्ला भाजपा उपाध्यक्ष आश्रिती शर्मा सदस्य बनाउन सक्रिय छिन् । दलित, अति पिछडिएका, पिछडिएका र कमजोर वर्गलाई भाजपा र मोदीको कामको जानकारी दिएर सदस्य बनाउने काम भइरहेको छ । उनीहरुले २ हजार ९ सय सदस्य बनाएका छन् । हजार ५ सय सदस्य बनाउने लक्ष्य शर्माको छ । उनको यो कामको तारिफ भइरहेको छ । भाजपामा छोटो समयमै उनी नालन्दा जिल्लादेखि प्रदेशसम्म चर्चामा छिन् ।

# लोकतान्त्रिक खेलकुद संघ बाराको अध्यक्षमा पाण्डे



**मधेशदृष्टि**
**कलैया ।**
बारामा नेपाल लोकतान्त्रिक खेलकुद संघ गठन गरिएको छ ।
नेपाली कांग्रेसका बारा जिल्ला उपसभापति मनोज भट्टको प्रमुख आतिथ्यतामा बसेको बैठकले ११ सदस्यीय तदर्थ समिती गठन गरेको छ । कांग्रेसका युवा नेता तथा जीतपुरसिमरा–१५ का वडा सभापती ओमराज पाण्डेको नेतृत्वमा ११ जनाको कार्यसमिती चयन गरिएको छ ।
कमिटीमा चार वटा निर्वाचन क्षेत्रबाटै प्रतिनिधित्व हुनेगरी सदस्य छनौट गरिएको हो । उपाध्यक्ष्यमा जटाशंकर सहनी, दिपेन्द्र सहनी, सचिवमा बविन सुब्बा, सहसचिवमा सुकमान लामा, कोषाध्यक्षमा रीता कंडेल, सदस्यहरुमा गोविन्द प्रसाद ओझा, रमेशचन्द्र घिमिरे, कर्ण थापामगर र योगेन्द्र कुशुवाहा चयन भएका छन् ।

# ‘उपेन्द्रलाई छुट, रविलाई हत्कडी...

निर्दोष नागरिक घाइते भएका थिए । घटनामा बन्दुक, बाँसको भाटा, ढुंगाले टाउको र मुखमा हिर्काएर मारेका थिए । त्यस्तै महिलालाई बाँसको भाटाले सम्वेदनशील अंगमा घोचेर, बलात्कार गरी, स्तन काटेर छट्पटिरहेको अवस्थामा जिउँदै आगो लगाएर हत्या गरिएको थियो ।
घटना प्रचलित नेपाल कानूनबमोजिम अपराध मात्रै नभई नेपाल पक्ष रहेको टर्चर कन्भेन्सनलगायतका अन्य अन्तर्राष्ट्रिय महासन्धीसमेतले यस्ता प्रकारको जघन्य अपराधलाई अन्तर्राष्ट्रिय अपराधका रुपमा स्वीकार गरेको छ । गौर हत्याकाण्ड भएको भोलिपल्ट नै तत्कालीन गृहमन्त्री कृष्णप्रसाद सिटौला, सञ्चारमन्त्री कृष्णबहादुर महरा र संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन)का प्रतिनिधि घटनास्थल पुगेका थिए ।
घटनाको वास्वविक तथ्य पत्ता लगाउन सरकारले तत्कालीन पुनरानेदन अदालतका न्यायाधीश हरिप्रसाद शर्माको संयोजकत्वमा गठन गरेको छानबिन आयोगले बुझाएको प्रतिवेदन र राष्ट्रिय मानव अधिकार आयोगसमेतको प्रतिवेदनले समेत घटनालाई राजनीतिक झडप नभई जघन्य एवम् अमानवीय अपराध भनेर निष्कर्ष निकालेको थियो ।

**प्रधानमन्त्रीसँग आक्रोश**

आजपा अध्यक्ष प्रभु साहले प्रधानमन्त्री ओलीसँग आक्रोश व्यक्त गरे । बाढीपहिरो, डुबानले तराई मधेश तहसनहस भएको अवस्थामा सरकारले बाढीपहिरो संकटग्रस्त क्षेत्र घोषणा गर्दा मधेससँग विभेद गरिएको आरोप साहको छ । रौतहटसहितका जिल्लामा बाढी, डुबानले अर्बौंको क्षति भएको बताउँदै उनले पीडितलाई न्याय दिन सरकारले चासो नदिएको बताए । ‘तपाईंहरुले के आधारमा संकटग्रस्त क्षेत्र घोषणा गर्नुभयो ? त्यसका के–के आधार छन्, दिन सक्नुहुन्छ ? बाढीपहिरो, डुबानले हामी जति पीडित छैनौँ, त्यो भन्दा बढी यो सरकारको विभेदपूर्ण नीतिले पीडित बनेका छौँ,’ आजपा अध्यक्ष साहले भने, ‘सरकारको नजरमा सबै नागरिक समान हुनुपर्ने हो, तर यो सरकारले मधेशका जनतासँग विभेद गर्दै आइरहेको छ ।’ साहले मधेशका बाढी, डुबान पीडितलाई तत्काल राहत दिनुपर्ने, बाढी, डुबान रोक्न बागमती, बकैया, कोशीलगायतका नदीमा तटबन्ध लगाउनुपर्ने सुझाव सरकारलाई दिए ।

# बर्थिङ सेन्टरमा तालाबन्दी जारी

**मधेशदृष्टि**
**रौतहट ।**
गरुडा नगरपालिका अन्तर्गत पोठियाही बर्थिङ सेन्टरमा स्थानीयले गरेको तालाबन्दी दोस्रो दिन पनि जारी छ ।
तालाबन्दीका कारण दर्जनौँ बिरामी सेवाबाट वञ्चित भएका छन् । स्वास्थ्य कर्मचारी सरुवाविरुद्ध गरुडा नगरपालिका–६ पोठियाही बर्थिङ सेन्टरमा गाउँलेले तालाबन्दी गरेका हुन् । बर्थिङ सेन्टरमा कार्यरत स्वास्थकर्मी सिएमए तारा रामको नगरपालिकाले अरु सेन्टरमा सरुवा गरेको विरोधमा सोमबार तालाबन्दी भएको हो । जथाभावी सरुवाले सुत्केरी सेवा प्रभावित हुने भएकाले सरुवा बदर हुनुपर्ने स्थानीय समाजसेवी सुनिल कुमार साहले बताए । स्वास्थ्यकर्मी रामको सरुवा बदर नभएसम्म बर्थिङ सेन्टरको ताला न खोलिने पोठियाहीबासीले अडान लिएका छन् ।




## प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धी सार्वजनिक सूचना

**मधेश प्रदेशको सिरहा जिल्ला अन्तर्गत धनगढीमाई नगरपालिका स्थित सर्रे खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको तयारी सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति : २०८१।७।७ गते

मधेश प्रदेश अर्न्तगत सिरहा जिल्लाको धनगढीमाई नगरपालिकाको वडा नं. १२ र १३ स्थित सर्रे खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिइएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | धनगढीमाई नगरपालिका वडा नं. १२ र १३<br>सिरहा, मधेश प्रदेश, नेपाल |
| प्रस्तावको व्यहोरा | मधेश प्रदेशको सिरहा जिल्ला अन्तर्गत धनगढीमाई नगरपालिका स्थित सर्रे खोलाबाट नदीजन्य पदार्थ उत्खनन् सम्बन्धी कार्य। |
| प्रभाव पर्ने सक्ने जिल्ला/न.पा./गा.पा. | मधेश प्रदेशको सिरहा जिल्लाको धनगढीमाई नगरपालिका वडा नं. १२ र १३ का वरिपरिका क्षेत्रहरु |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक-भौतिक प्रणाली, जैविक प्रणाली, आर्थिक-सामाजिक-साँस्कृतिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सारोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानमा आईपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

साथै यस प्रस्ताव माथि छलफल तथा निर्णय गर्न मिति २०८१/०७/१४ गते दिउँसो ४ बजे बडा न १२ को कार्यालयमा सार्वजनिक सुनुबाही कार्यक्रम संचालन हुने भएकोले सम्बन्धित सम्पूर्ण सरोकारवालाहरुलाई उपस्थितिको लागि सुचित गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना :**

**प्रस्तावक**
धनगढीमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा मधेश प्रदेश, नेपाल
☎ ०३३-५४५२७१
ईमेल- mundhangadhi@gmail.com

**स्वीकृत गर्ने निकाय**
बाताबरण महाशाखा
वन तथा वातावरण मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम, नेपाल
ईमेल- moitfep2@gmail.com

**परामर्शदाता**
चित्रांस मल्टि सपोर्ट कन्सल्टेन्सी प्रा. लि.
ललितपुर म.न.पा.-३, पुलचौक,
ललितपुर, नेपाल
☎+९७७ ९८४९०८७२०२
ईमेल- chitranshmulticonsult@gmail.com

# दीपावली पर्वः केराखेती गर्ने किसानलाई आम्दानीको अवसर



**मधेशदृष्टि**
**महोत्तरी ।**
दीपावली पर्व केराखेतीका किसानलाई अतिरिक्त आम्दानीको अवसर बन्दै आएको छ । दीपावली र छठका लागि केही दिन पहिलेदेखि नै केराका घरीको बिक्री सघन बन्नसँगै केराका थामकै पनि राम्रो मूल्य पाउने भएपछि मधेशका महोत्तरीसहितका मिथिला क्षेत्रका किसानका लागि यो अतिरिक्त आम्दानीको अवसर बन्ने गरेको हो । खासमा दीपावली पर्वमा लक्ष्मीपूजनमा केराका थामको स्वागतद्वार बनाइने यहाँको परम्पराले यस बेलालाई किसानले केराको गोडमेलको अवसर बनाउने गरेका छन् । 'छिप्पिएका केराका घरी यसबेला राम्रो मूल्यमा एक साता पहिलेदेखि नै कुराकानी पक्का हुन्छ, यसैबेला सानाठूला सबैजसो व्यापारीले केराका थामको स्वागतद्वार बनाउने चलनले हामी झ्याङमा धेरै बढेका कोथा यसैबेला छ्याास्ने गर्छौं', बर्दिबास–९ पशुपतिनगरका किसान भोला महतो भन्छन्, 'दीपावलीको अवसर गोडमेलमा उखेलेर फाल्नुपर्ने कोथाबाट पनि नगद पाइन्छ ।'

केरा गोडमेलसँगै निकै झ्याङ्गिएका कोथा पहिले नै निकाल्ने बेला भए पनि किसान यसका लागि दीपावलीको मुख पर्खने गर्छन् । 'भन्नुस् न, अरुबेला यी कोथाको के काम ! यतिखेर त घरघरै कोथा खोज्न व्यापारी घरघरै आउँछन्, त्यसैले हामी केराको गोडमेललाई दीपावली पर्खने गर्छौं' भोलाकै छिमेकका अर्का किसान रामविनोद महतो भन्छन्, 'यसबेलाको गोडमेलले श्रमिकलाई दिइने ज्याला र थपमा आफ्नो पर्व खर्चमा पनि कोथा बिक्रीले सघाउँछ ।'

स्वागतद्वार बनाउन नयाँ कोथा (केराका थाम) प्रयोग गरिने परम्पराले दीपावलीको एक साता पहिलेदेखि नै किसानका खेतबारीका कोथाको बिक्री हुने पक्का हुने गरेको छ । 'मेरो बारीका ५० जोर कोथाको त पेश्की नै पाइसकेको छु', भङ्गाहा–४ रामनगरका युवा किसान ३० वर्षीय रामईश्वर ठाकुर भन्छन्, 'थाम बिक्रीले गोडमेलमा जनको बनी (श्रमिकको मजदुरी, ज्याला) मात्र नभई आफ्नै अन्य खर्चको जोहो पनि हुन्छ ।' त्यसैले आपूm हरु केरा गोडमेललाई दीपावलीको बेला पर्खने गरेका ठाकुर बताउँछन् । अन्यबेला गोड्दा उखेलेर फाल्नुपर्ने कोथाबाट यसबेला आम्दानी हुने भएपछि पर्वका बेला कामको धपेडी बढे पनि आपूmहरूले यस कामलाई दीपावली पर्खनुपरेको किसान बताउँछन् । वर्षभरिमा एउटा केराका झ्याङमा पाँच÷सातवटासम्म फाल्नुपर्ने कोथा निस्कने किसानको भनाइ छ । केराको एक/एक झ्याङमा हुर्केका (ठूला) तीनवटा बोटमात्र राखिनुपर्ने हुँदा यसभन्दा बढीका कोथा उखेलेर फाल्नुपर्ने हुन्छ । दीपावलीमा त्यही फालिने कोथा बिक्री हुने भएपछि यो आपूmहरूको खेती खर्चमा सहयोगी बन्ने किसान बताउँछन् ।

'अरुबेला केरा गोडमेल गरिँदा छ्यासिने (उखालिने) कोथा मलको भकारोसम्म पुर्याउन लाग्ने श्रम बराबरको पारिश्रमिक दिनुपर्ने हुन्छ', भङ्गाहा–६ हतिसर्वाको मदनपट्टिका किसान जयराम यादव भन्छन्, 'दीपावलीमा भने कोथा किन्न आउने आफैँले पनि उखेलेर लाने गर्छन्, यसले मजदुरलाई दिनुपर्ने रकमसहित कोथा बेचेर प्राप्त हुने रकम अतिरिक्त आम्दानी हुने गरेको छ ।' त्यसैले केरा गोडमेल र बढी निस्केका कोथा उखेल्न दीपावली पर्खने गरिएको किसानको भनाइ छ । पछिल्ला तीन वर्षयता बर्सेनि थाम (कोथा) बाट ३० हजार रुपैयाँसम्म आम्दानी हुने गरेको यादवले बताए । यादवको १५ कठ्ठाजतिमा केराखेती छ । दीपावली आउन एकसाता बाँकी छँदै सुरु भएको थामको बिक्री लक्ष्मीपूजाको दिन बिहानसम्म चल्ने गरेको छ । अहिले मूल्य बोलकवोल गरिएका थामभने लक्ष्मीपूजाको एक दिनअघि उखेलेर ग्राहकले लाने किसान बताउँछन् । धेरै गाँजिएपछि बोट छ्यास्नैपर्ने ठाउँमा तिहार पर्खेर बसेका किसानले अन्यबेला फाल्नुपर्ने थामबाटै अहिले आम्दानी भएपछि दीपावली पर्व आपूm हरुका लागि पर्खने अवसर बनेको किसानको भनाइ छ ।

दीपावलीभरिमा जिल्लामा २० लाख रुपैयाँ हाराहारीको थामको बिक्री कारोबार हुने गरेको जिल्लाका उद्योग वाणिज्य सङ्घहरूको अड्कल छ । खासमा थाम जलेश्वर, गौशाला, मटिहानी, मनरा, रामगोपालपुर, सीतापुर र लोहारपट्टीसहितका बजारमा बढी प्रयोग हुने गरेको महोत्तरी उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र चौधरी बताउँछन् । मिथिला क्षेत्रमा दीपावली र छठपर्वका अवसरमा स्वागतद्वार बनाउन प्रयोग गरिने थाम शुभफलदायी मानिन्छ । केराका थामको स्वागतद्वारबाट लक्ष्मी गृहप्रवेश गर्ने विश्वासले यसको महत्व बढेको मिथिला संस्कृतिका जानकार बताउँछन् । वैदिककालदेखिकै यो परम्परा मिथिला लोकसंस्कृतिको हिस्सा नै बनेको जलेश्वर–५ पतैलीका ध्रुव रायले बताए ।

# डोम र बिन समुदायका मानिस चङेरा ढकी, छिटी बनाउन व्यस्त

**मधेशदृष्टि**
**महोत्तरी ।**
मधेशमा चन्द्रमासले कात्तिक टेकेपछि यहाँका अति विपन्न डोम र बिन जाति समुदायको बस्तीमा चहलपहल बढ्छ । हरेक वर्ष कात्तिक सुरु भएपछि यी समुदायका बस्तीमा बाँसका चोयाबाट निफननाफन र राखनधरनका सामान बनाउने व्यस्तता बढेको छ । उनीहरू चङेरा, ढकी, छिटी, नाङ्लो, चाल्नो, हातेपंखा र कोनियाजस्ता सामग्री दीपावली र लगत्तैको छठमा बिक्री हुने आशमा महोत्तरीसहित मधेशका क्षेत्रका मानिस सामान बनाउन व्यस्त भएका हुन् । कात्तिक कृष्णपक्षमा यस भेगका यी दुवैसमुदाय बाँससँगै खेल्छन् । अब चाडबाड नजिकिएपछि आफ्नो काममा भ्याइनभ्याइ परेको बाँसका चोयाबाट राखनधरनका सामान बनाउनेहरु बताउँछन् । 'कात्तिक अन्हरिया (कृष्णपक्ष) को छ दिन त भइ हाल्यो, अब त दीपावली कति छ र ? अनि त्यसलगत्तै छठ ! यी पर्वमा हाम्रो सीप बिक्रे आशमा अहिले बाँससँग खेल्दैछौ' भङ्गगाहा–४ रामनगरका केशो मुखिया बिन भन्छन्, 'वर्षभरिको नगद खर्चको भर यिनै पर्वमा टिकेको हुन्छ ।' बिनजस्तै महोत्तरीका डोमहरुका झुपर बस्तीमा पनि अहिले बाँसका कट्रेरा÷चोया काढ्ने र मागअनुसारका सामान बनाउने व्यस्तता बढेको छ । बाँसका चोयाबाट बन्ने यी सामान दीपावलीमा पनि बिक्री त हुन्छन्, तर मुख्यचाहिँ छठकै माग हुने गौशाला–१२ पडरियाकी अञ्जली मरिक बताउँछिन् ।

सामान्यतया छठका बर्तालुले आवश्यकताका सामान बनाइदिन पहिले नै भन्ने गरेका हुन्छन् । तर ग्राहकको पूर्वमागबाहेक पनि चोयाबाट बन्ने यी सामान बिक्री हुने आशमा अहिले डोम र बिन समुदाय बाँस खोज्ने र चोया काढ्ने काममा परिवार नै लागेका छन् । कात्तिकको पहिलो पक्ष डोम र बिन समुदायको कैयौं महिनाअघिदेखिको छोराछोरीको माग पूरा गर्ने सपना साचिएको समय हो । घरमा छोराछोरी र परिवारजनले गर्ने 'फर्माइस' घरमूलीले कात्तिक लाग्न देउ भनेर थमाएका हुन्छन् । यसबेला बिक्रे आफ्नो सीपले ससाना नानीहरुको रहर पूरा गर्ने, नयाँ लुगा लइइदिने, मिठोमसिनो खाने र वर्षभरिको नुनतेलको जोहो गर्ने कात्तिकका पहिला र दोस्रो साता हुनेगरेका बर्दिबास–१ कै भोगेन्द्र मरिक बताउँछन् ।

बिन र डोम बाँसका चोयाबाट नाङ्ला, चाल्ना, छिटी, हातेपंखासहितका सामान बनाउन सिपालु मानिन्छन् । दीपावली र छठमा मात्र आपूmहरुको सीप बिक्रे गरेको यी दुवैजाति समुदायको समान पीडा छ । पुख्र्यौली पेसा र सीप पर्वबाहेक अन्य बेला बिक्र छाडेपछि बिन र डोम समुदायका नयाँ पुस्ता अन्य पेसा र सीपका क्षेत्रमा जान थालेका छन् । हाल ५० वर्ष सेरोफेरोका बिन र डोमको शेषपछि यहाँ बाँसका चोया काढेर टोकरी, मान्द्रा, डोका बनाउने भेटिन कठिन हुने चिन्ताले रामगोपालपुर बजारचोक नजिकका प्रताप मरिकले पिरोलिएका छन् । बिन र डोम समुदायका पाँच दशकमाथिका उमेर समूहका मानिस चोया खेलाए आय आर्जनको आश गर्दैछन् । 'बाबुबाजेले यही काम गरे, हामीले यही सिक्यौँयही दीपावली र छठको आश छ हामीलाई हो' रामगोपालपुर बजारचोक नजिकका प्रताप मरिकले भने ।

'हाम्रो वर्षभरिको नगद खर्चको ब्यौंत (जोहो) गर्ने बेला यही हो, अहिले चुके वर्षभरि नगद हेर्न पाँइदैन' लोहारपट्टीको डठोरा बस्तीका रत्नेशर मरिक भन्छन्, 'ससाना नानीहरुको चाहना हामीले दीपावली र छठ पर्वमा पूरा गर्ने आशा गरेका हुन्छौं ।' अन्य बेला आफ्नो सीपको खासै माग नहुने हुँदा वर्षभरिको खर्चको जोहो पनि यसैबेला गर्नु पर्ने रत्नेशर बताउँछन् । बाबुआमा काममा ब्यस्त भएसँगै समान बनाइ दिन भन्न आउने ग्राहक बाक्लिएपछि ससाना नानीको फर्माइस पनि बाक्लिने गरेको छ । 'बाबु, दिबाली (दीपावली) मे हमरा फुटबल लादिहा' (बुबा, दीपावलीमा मलाई फुटबल ल्याइदिनु होला) पर्वका लागि माग भएका चोयाका समान बुनी रहेकी बर्दिवास–१ का भोगेन्द्र मरिकको छेउमै खेल्दै आइपुगेको आठ वर्षीय छोरा शिवु मरिकको माग छ ।

जनजाति समूहका बिन र दलित समुदायका डोम दुवैको शिक्षा, स्वास्थ्यजस्ता आधारभूत आवश्यकतामा पहुँच कम छ । खासमा बिनभन्दा डोमहरुको जीवनचर्या अझ बढी अभाव र कष्टमा देखिन्छ । गरिबी र अशिक्षाले जकडिएका डोम समुदायका लागि ठूलाबडाको मृत्यु हुँदा अग्निसंस्कारका लागि आगो बेचेर प्राप्त हुने आम्दानी, श्मसानघाटमा फालिएका बाँसका घोचा सङ्कलन गरेर बनाइएका चोयाका समान बेचेर प्राप्त हुने आम्दानी र सुँगुर पाल्ने पुख्र्यौली पेसाबाट प्राप्त हुने आम्दानी नै जीवन गुजाराको सहारा रहँदै आएको छ ।

तिहार र छठ भने आपूmहरुले पनि निष्ठापूर्वक मनाइने भएकाले यी पर्वप्रयोजनका सामग्री नयाँ बाँस किनेर पवित्र मनले बनाइने गरिएको डोमहरु बताउँछन् । महोत्तरीका सबै नगर, गाउँ–बस्तीमा सीमित संख्यामा यी जाति समुदायको बसोबास छ । यी दुवैको सामाजिक, सांस्कृतिक, राजनैतिक, आर्थिक र शैक्षिक अवसरमा निकै कम पहुँच छ । अवसर नपाएका सीमान्तकृत समुदाय, दलितहरुको उत्थानका लागि सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको बजेट भाषण र सम्बोधनमा सुनिने गरिएपनि यस्ता कार्यक्रमभने यी समुदायबीच खासै नपुगेको सामाजिक अभियानीहरुको टिप्पणी सुनिन्छ । सरकारी कार्यक्रमहरुको प्रभावकारी अनुगमन नहुँदा अवसर नपाएका यी समुदायको उत्थानको काम हुन नसकेको सामाजिक संस्था 'प्रयास' अध्यक्ष प्रवीण कर्ण बताउँछन् । रासस



# बिन्दवासिनीमाई मन्दिरको सौन्दर्यकरण गर्न निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले वीरगंजकै प्रमुख शक्तिपिठ मध्येको एक बिन्दवासिनीमाई मन्दिरको सौन्दर्यकरणका लागि तत्काल काम सुरु गर्न निर्देशन दिएका छन् । वीरगंज महानगरपालिका वडा नम्बर १९ केहुनियामा अवस्थित बिन्दवासिनीमाई मन्दिरको सौन्दर्यकरणका लागि महानगरपालिकाले केहि समयपहिले काम थालेकोमा लाइटिङ लगायतका केहि काम अधुरो रहेको छ । मंगलबार महानगरका कर्मचारीको टोलीसँगै बिन्दवासिनीमाई मन्दिरमा पुगेका मेयर सिंहले मन्दिर प्रांगणको स्थलगत अवलोकन गरेपछि बाँकी रहेका सौन्दर्यकरणका काम तत्काल सुरु गर्न मन्दिर व्यवस्थापन समितिका अध्यक्ष सुरेन्द्रलाल साह र महानगरका कर्मचारीलाई निर्देशन दिए । त्यस क्रममा मेयर सिंहले मन्दिरमा लाइटिङ बत्ती लगाउन तथा कम्पाउण्डभित्र अधुरा रहेका सौन्दर्यका काम सुरु गर्न निर्देशन दिए ।

# गाँजासहित दुई भारतीय नियन्त्रणमा



**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्लाको लालबन्दीबाट गाँजासहित दुई भारतीयलाई प्रहरीले नियन्त्रणमा लिएको छ । भारत सीतामढी जिल्ला बेलाथानाबथौरा पञ्चायत मुजौली घर भएका २० वर्षीय शंकर राम तथा सोही ठाउँका ३३ वर्षीय अशोक साहलाई प्रहरीले गाँजासहित नियन्त्रणमा लिएको हो ।

लालबन्दी नगरपालिका–५ मेजरगंजमा शंकर सवार बीआर ३० टी ४०२५ भारतीय नम्बर प्लेटको मोटरसाइकल चेकका क्रममा सिटमुनि लुकाइराखेको अवस्थामा ५ किलो ३४० ग्राम गाँजा बरामद गरिएको थियो । शंकरसँग सोधपुछ गर्दा लालबन्दीको एक होटेलबाट अशोकलाई पनि नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय लालबन्दीका प्रहरी निरीक्षक सुजन पाठकले जानकारी दिए ।

दुईजनै भारतीय गाँजाको पेशेवर कारोबारी रहेको प्रहरीको आशंका छ । प्रहरीलाई दिएको बयानमा उनीहरू गाँजा भारततर्फ लिएर जान खोजेको बताएका छन् ।

# स्कुल बसले किच्दा बालिकाको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषाको धनौजीमा विद्यालय जाँदै गरेकी एक बालिकाको स्कुल बसले किच्दा मृत्यु भएको छ । मृत्यु हुनेमा धनुषाको धनौजी गाउँपालिका २ स्थित रामजानकी बोर्डिङ स्कुलमा अध्ययनरत्त ११ वर्षीया आरोही कुमारी मण्डल छिन् । धनुषाका प्रहरी प्रवक्ता डिएसपी बरुण बहादुर सिंहका अनुसार मंगलबार बिहान १० बजेतिर बा ३ प ९०६५ नम्बरको जनज्योती बोर्डिङ स्कुलको बसले विद्यालय जाने बेला बालिकालाई ठक्कर दिएको हो । गम्भीर अवस्थामा उनलाई उपचारको लागि प्रादेशिक अस्पताल जनकपुरमा भर्ना गरिएको थियो । उनको उपचारको क्रममा मृत्यु भएको डिएसपी सिंहले जानकारी दिए । आक्रोशित स्थानीयले विद्यार्थीलाई ओरालेर आगजनी गरेपछि बस पूर्ण रुपमा जलेर क्षति पुगेको डिएसपी सिंहले बताए ।

# वडाध्यक्षद्वारा मानव सेवा आश्रमको अवलोकन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नम्बर १० का वडाध्यक्ष सुशील साह कानुले वीरगंजस्थित मानव सेवा आश्रमको स्थलगत अवलोकन गरेका छन् । मंगलबार बिहान आफ्ना सहयोगीहरुका साथ आश्रममा पुगेका वडाध्यक्ष कानुले आश्रममा रहेका सहयोगापेक्षीहरुलाई भेट्नुका साथै आश्रमले दिँदै आएको सेवा र गतिविधीबारे जानकारी लिएका छन् । त्यसपछि वडाध्यक्ष कानुले आफनो तर्फबाट आश्रमममा रहेका सहयोगापेक्षी ६५ जनालाई बिहानको खाना निःशुल्क रुपमा खुवाएको आश्रमका मधेश प्रदेश संयोजक दिवेश गुप्ताले जानकारी दिए । आश्रमको स्थलगत अवलोकनका क्रममा वडाध्यक्ष कानुले आगामी दिनमा आश्रम र त्यहाँ आश्रीतहरुका लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धतापनि जनाएको गुप्ताले जानकारी दिए ।

सम्पादकीय

# उपभोक्तामाथि हुने ठगी रोक

*नेपाली हिन्दुहरुको महत्वपूर्ण पर्व दशैं भर्खरै सकिएको छ । यसपछिको अरु महत्वपूर्ण चाड तिहार तथा छठको चहलपहल सुरु हुँदैछ । यी चाडपर्वहरुले नेपाली समाजमा मात्र नभई अर्थतन्त्रमा पनि व्यापक प्रभाव पार्छन् । चाडपर्वले व्यवसाय र व्यापारलाई चलायमान बनाउने, रोजगारीका अवसर सिर्जना गर्ने र सामुदायिक सद्भाव बढाउने अवसर प्रदान गर्छन् । तर, अर्कोतर्फ यस्ता चाडपर्वका बेला उपभोक्ता ठगी र अनैतिक व्यापारिक गतिविधिहरु पनि वृद्धि हुने गरेको विडम्बनापूर्ण वास्तविकता हो । यसले उपभोक्ताको हितमा गम्भीर प्रश्न खडा गर्छ, जसप्रति सरकार र सम्बन्धित निकायले चासो र सजगता देखाउनुपर्ने समय आएको छ ।*

*चाडपर्वको अवसरमा आवश्यक सामग्रीको माग बढ्दा धेरै व्यापारीहरुले यसलाई अवसरको रुपमा दुरुपयोग गर्छन् । सामान्यतया चाडपर्व अघि खाद्यान्न, लत्ताकपडा, इलेक्ट्रोनिक सामान र यातायात जस्ता अत्यावश्यक सेवाहरुको मूल्यमा अस्वाभाविक वृद्धि गरिन्छ । मूल्य नियन्त्रण गर्ने सरकारी मापदण्डहरु उल्लङ्घन गरिन्छ र उपभोक्तालाई महँगो मूल्य चुकाउन बाध्य पारिन्छ । बजारमा म्याद सकिएका वा गुणस्तरहीन सामानहरु बिक्रेताले ठगी गरेर उपभोक्तालाई बेच्ने गर्छन् । खासगरी मिठाइ, चकलेट, पेय पदार्थ, र खाद्यान्नहरुमा यो समस्या निकै गम्भीर देखिन्छ । धेरैजसो उपभोक्ताले सामानको म्याद जाँच नगर्ने भएकाले ठगीमा पर्ने गरेका छन् ।*

*बजारमा उपभोक्ता सामानको तौल र नाप सही नभएको समस्या पनि छ । व्यापारीहरुले सही मापदण्डअनुसार तौल नगर्ने र नापमा ठगी गर्ने प्रवृत्ति चाडपर्वका बेला अझै बढ्छ । यसले उपभोक्ताको विश्वासमा ठेस पु¥याउँछ र आर्थिक क्षति पनि पु¥याउँछ । चाडपर्वमा यात्रा गर्नेहरुको संख्या बढ्नाले यातायात सेवा प्रदायकहरुले मनपरी भाडा असुल्ने, तोकिएको भन्दा बढी यात्रु राख्ने र सेवा गुणस्तरमा लापरबाही गर्ने प्रवृत्ति देखिन्छ । विशेष गरी ग्रामीण क्षेत्रतर्फ गइरहने यात्रुहरु यसबाट बढी प्रभावित हुने गरेका छन् ।*

*चाडपर्वका बेला बजारमा मूल्य नियन्त्रण र अनुगमन गर्न सरकारको उपभोक्ता संरक्षण विभागले विशेष अभियान सञ्चालन गर्नुपर्छ । बजार अनुगमनको कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता अधिकारवादी संस्था एवम् प्रहरी प्रशासनसँग समन्वय गरी नियमित निरीक्षण गर्न आवश्यक छ । ठगी गर्ने व्यवसायी वा व्यापारीलाई कानूनी कारवाही गर्न कडा प्रावधानहरु हुनु जरुरी छ । म्याद सकिएका सामान बेच्ने, नापतौलमा ठगी गर्ने वा मूल्यमा अस्वाभाविक वृद्धि गर्नेहरुमाथि जरिवाना, लाइसेन्स रद्द गर्ने जस्ता सजायको व्यवस्था हुनुपर्छ ।*

*उपभोक्तालाई पनि उपभोक्ताहरुको अधिकारबारे अभिमुखीकरण गर्नुपर्छ । उपभोग्य सामानको म्याद जाँच्न, सही मूल्यमा सामान किन्न, र ठगीबारे गुनासो कहाँ र कसरी गर्ने भन्ने जानकारी उपभोक्तालाई दिनुपर्छ । ठगी रोक्नका लागि दीर्घकालीन उपायहरुमा सोच्न आवश्यक छ । स्थानीय उत्पादनको प्रबद्र्धन गर्दै आयातित वस्तुको वैकल्पिक व्यवस्था गर्न, सहकारीमार्फत उपभोक्तालाई सस्तो मूल्यमा सामान उपलब्ध गराउन र व्यापारिक क्षेत्रलाई पारदर्शी बनाउन सरकारले विशेष नीति अपनाउनुपर्छ ।*

*चाडपर्व नेपाली समाजको सांस्कृतिक धरोहर हो, जसलाई खुसी र उत्साहका साथ मनाउनुपर्छ ।*

*तर, उपभोक्ता ठगीको समस्या भने दीर्घकालीन चुनौतीको रुपमा उभिएको छ । यसलाई समाधान गर्न सरकार, सम्बन्धित निकाय, र उपभोक्ता स्वयंले पनि सजगता र सचेतता अपनाउनुपर्छ । चाडपर्वका बेला गरिने ठगी रोक्नका लागि प्रभावकारी नीति, अनुगमन र उपभोक्ता अधिकारको प्रबर्द्धन जरुरी छ ।*

# बाढीको वितण्डापछि छठको तयारीमा समाज



सञ्जय साह मित्र

बाढीको पीडाबाट समाज अझै उब्रेको छैन। बाढीले डुबाएको खेतमा रहेको धानको पातमा अझै पनि बाढीको छाप देखिन्छ, नदी छेउका खेतमा बाढीका डोबहरु अझै पनि आलै छन् र जुन किसानको बाली सखाप भयो तिनीहरुको पीडामा अझै मलम लाग्न सकेको छैन। मानिसको अगाडि जे जस्तो परिस्थिति आए पनि आखिरमा उसले सहनै पर्छ, बेहोर्नै पर्छ। समयलाई मानिसले बदल्न सक्दैन न त यसलाई रिभर्स गेयरमा लगेर अर्कोतिर मोड्न नै सक्दछ । यसैले भोगाइलाई नै कतिपयले जीवन मान्ने गरेका छन्। भोगाइलाई जीवन मान्ने कि भविष्यको चाहनासित साक्षात्कार गर्न गरिने संघर्षलाई जीवन मान्ने भन्ने दुई धाराको विचार हुनु स्वाभाविक हो किनभने एउटा माइनस र एउटा प्लस मिलेर विद्युत उत्पादन हुन्छ। उत्पादन भन्नु सिर्जना पनि हो। संघर्षबाट नवसिर्जन हुने पनि विद्वानहरुले बताउँदै आएका छन् । यसैले परिवेशलाई भोग्दै मानिस सम्भव भएसम्म त्यसमाथि विजय पाउन चाहन्छ। प्रकृतिमाथि विजय पाउने चाहना मानिसको उहिलेदेखि नै रहिआएको छ तर मानिसले प्रकृतिमाथि अझै पनि विजय पाउन सकेको छैन। बाढीपहिरो तथा अन्य प्राकृति विपदाबाट हरेक वर्ष नेपालमा हजारौँ मानिसको मृत्यु हुने गरेको यथार्थ हो। यदि कसैले कुनै दिन प्राकृतिक विपदाको औषधि पत्ता लगाइहाल्यो भने समग्र मानव कल्याणको क्षेत्रमा एउटा क्रान्तिकारी उपलब्धि हुने छ । मानिसले अकालमा मृत्युवरण गर्नुपर्ने हुँदैन, प्राकृतिक विपदा सहनुपर्ने हुँदैन । तर अहिलेसम्म कतिपय प्राकृतिक विपदाको सामान्य अनुमानसम्म मानिसले गर्न पाएका छन्। जे जति अनुमान गरेका छन्, तिनीहरुमाथि पनि विजय प्राप्त गर्न सकेका छैनन्, जब साइक्लोनको चर्चा हुन्छ तब मानिसहरु पलायन हुन थाल्दछन्। यसलाई सकारात्मक रुपमा लिनुपर्छ। यस किसिमका पूर्वानुमानहरुले हजारौँ मानिसको ज्यान बचाउन सहयोग गरेको पनि यथार्थ नै हो।

प्रकृतिलाई सहँदै र प्रकृतिसित जुधेर नै मानिसले आफ्नो इतिहासको यात्रा गरेको देखिन्छ । अहिले पनि पछिल्लो समयमा भएको वर्षाले धानलाई धेरै क्षति पु¥याएको छ। दलहन बालीलाई निकै क्षति पु¥याएको छ र तरकारी खेतीलाई पनि निकै पछाडि धकेलेको◌े छ । अब रबिबाली तथा तरकारी खेतीको लागि यो वर्ष पछाडि हुने भएको छ भने यसको असरले कतिपय बाली नै नहुने भएको देखिएको छ । यसबाट अन्ततः घाटा किसानलाई छ र किसानलाई घाटा हुनु भनेको देशलाई घाटा हो। गत वर्षको तुलनामा थोरै भए पनि बढी दाल र तरकारी खेती कम हुन्छ र यसको प्रभाव यो हुन्छ कि यिनै कुरा बाहिरबाट मगाउनु पर्ने हुन्छ। जो उपभोक्ता हुन्छ उसको हातको रकम जानुपर्ने हुन्छ। अनि बुझेको तथ्य हो कि जब हाम्रो उत्पादन हुन्छ तब हामी सहज प्राप्त गर्न सक्छौँ र केही सस्तो हुन्छ तर जब बाहिरबाट ल्याउँछौँ तब केही महँगो हुन्छ र केही कम विश्वासिलो पनि । त्यसै पनि बजारमा पाइने हरियो तरकारीप्रति मानिसको नकारात्मक भावना बढिरहेको छ। औषधि र मलखादको अत्यधिक प्रयोगले हरियो तरकारी जति स्वस्थ्यकर हुनुपर्ने हो त्यत्ति हुन नसकेको धेरैको बुझाइ रहेको छ। वास्तवमा सबैभन्दा राम्रो त आफूले उत्पादन गरेको नै हो तर आफूले उत्पादन गर्नको लागि सबैसित समयको अभाव हुन्छ, जमिनको अभाव हुन्छ। तर कम्तीमा आफ्नो उपभोगको लागि पूरै नभए आंशिक रुपमा भए पनि सबैले पहल र प्रयास गर्दा राम्रो हुने हो। औषधि खाएर कसैको भुँडी भरिँदैन तर औषधिले गर्ने फाइदा भने धेरै हुन्छ। आफूले गरेको उत्पादनलाई औषधिसित तुलना गर्न सकिन्छ। छत, कौसी, बारी वा अन्य जे जहाँ जसरी भ्याइन्छ, त्यसै किसिमको साग वा तरकारीको उत्पादन गर्नु परेको छ, घरमै उत्पादन हुने फोहोरको उपयोग गरेर भए पनि। मधेशी लोकजीवनमा पबनी भनेर पहिलो बुझाइ छठलाई नै हुन्छ । अन्य पर्वलाई त्यसको अगाडि वा पछाडि नाम जोडर पबनी भन्ने गरिएको छ। यद्यपि आजभोलि अधिकांश चाडपर्वलाई भव्यतापूर्वक र सामाजिक संजालमा देखाउने गरी मनाउन थालिएकोले हरेक चाडपर्वको सामाजिक महत्वलाई विस्तार गरेको छ। चाडपर्वहरुको महत्व बढ्नुका साथै विकृतिहरु पनि बढिरहेका छन् भन्ने गुनासाहरु आइरहेका छन्। यो आफ्नो ठाउँमा छँदैछ। सामान्यतया जब कोजाग्रत पूर्णिमा सम्पन्न हुन्छ तब गाउँघर छठ पबनी उन्मुख हुन्छ। अहिलेको समयमा छठ पर्वको माहोल बन्दै गएको छ। छठ पर्वलाई लोकजीवनमा विभिन्न पर्वहरुको समूह पनि भनिन्छ। छठ पर्व एक्लै आएको हुँदैन । छठ पर्वलाई पर्वहरुको समापन पनि भनिएको पाइन्छ किनभने साउन महिनाको शुक्ल पंचमीलाई पर्वहरुको आरम्भ र यस सिजनको लागि पर्वहरुको समापन भनेको छठ नै हो भन्ने मान्यता रहेको छ । अनि छठ पर्वको तयारी कोजाग्रत पूर्णिमाको भोलिपल्टदेखि सुरु हुन्छ। छठको पबनी गर्ने महिला तथा पुरुषहरु यसै दिनदेखि साकाहारी जीवन व्यतित गर्न थाल्छन्। अनि सम्भव भएसम्म आफ्नो घरको सफाइ, घरमा रहेका सबै सामानको सफाइ गर्न सुरु गर्छन्। घरको वरिपरिदेखि घरभित्रका सबै सामानलाई धुनुपर्ने वा सफा गर्नुपर्ने मान्यता रहेको छ र यसलाई ढिलोमा दीपावलीको दिसम्म सम्पन्न गरिसक्नु पर्छ। दीपावलीको दिन बाँकी सबै कुरालाई सफा गरिन्छ। यस दिन हरेकले आफ्नो मूल ढोका वा द्वारलाई राम्ररी सफा गरी सिँगार्ने काम पनि गर्दछन्। यी सबैलाई छठ पर्वसित पनि जोडेर हेरिएको पाइन्छ। यदि समाजमा गहिरिएर विचार गर्ने हो भने धेरै परिवारका अधिकांश सदस्यहरु दीपावलीको एक दिन पहिलेदेखि नै पूर्णतः साकाहार बन्दछन् र कम्तीमा छठको दिनसम्म मासाहारमा गन्ती हुने केही पनि कुरो भोजनमा समावेश गर्न मान्दैनन्, चाहँदैनन्, गर्दैनन् पनि। यसरी लोकमहापर्व छठाको तयारी समाजले अहिले सुरु गरिसकेको छ र यस वर्षको छठ चाहिँ विभिन्न विपदपछि आएको हुनाले तयारीमा पनि प्रभाव परेको देखिँदै छ।

खेती गए पनि बाली गए पनि चाडपर्व त मान्नु पर्छ नै । एक दृष्टिकोणले चाडपर्व रमाइलो हो र यदि पीडामा कुनै चाडपर्व आउँछ भने पीडा बिर्साउने वा पीडा बिसाउने माध्यम पनि बन्दछ । जब समाजका सबै उत्साहित हुन्छ र उत्साह हुने कारणमा आफू पनि संलग्न होइन्छ भने पीडा कम भएको लाग्न सक्छ वा केही समय त पीडा नै होइन कि जस्तो पनि लाग्छ। यसै गरी चाडपर्व केही लामो समयसम्म चल्छ भने चाडपर्वमा केही लामो समय त्यस किसिमकै व्यवस्तामा रहनुपर्ने हुन्छ। छठ पर्वलाई पर्वहरुको समूह पनि किन भनिएको हो भने दीपावलीदेखि पारनसम्म लगातार करिब हरेक दिन कुनै न कुनै विशेष पर्व हुन्छ। जुन दिन औपचारिक रुपमा पर्व हुँदैन त्यस दिन सर्वसाधारणले किनमेल गरेर पर्वको तयारी गरिरहेका हुन्छन्। मधेशी लोकजीवनमा यो निकै गाढा सत्य हो कि छठ पर्वको काम गरेर कहिल्यै सिद्धिदैन जबसम्म यो पर्व सिद्धिन्न । यसैबाटै छठ पबनीमा गरिने कामहरु अर्थात् छठ पबनीको तयारीको अवस्थाबारे संक्षेपमा बुझ्न सकिन्छ। छठको तयारीमा जस कसैको पनि धेरै समय लाग्ने कारणमा चाहिँ छठको आफ्नो लामो इतिहास पनि हो। जुन पर्व धेरै समयदेखि मानिँदै आएको हुन्छ त्यसमा अनेक उपक्रियाहरु कालान्तरमा जोडिँदै आएको हुन्छ। अझ छठ पर्वलाई यसै क्षेत्रमा उद्भव भएको मानिएको छ । यसले गर्दा हजारौँ वर्षको इतिहासमा यस पर्वले अनेक व्यवहारहरु आफूसित जोड्दै आएको कुरालाई स्वाभाविक रुपमा लिनुपर्छ र बढ्दो आधुनिकताको प्रभाव छठ पर्वमा पनि स्वाभाविक हो।

मधेशी संस्कृतिको सर्वाधिक महत्वपूर्ण पबनी भएको हुनाले सम्भव भएसम्म हरेक गरिबले पनि चाहन्छन् कि एउटा वस्त्र नयाँ किनिहालूँ । अझ व्रत गर्ने व्रतालुले नयाँ कपडा लगाउनै पर्ने जस्तो अनिवार्यता रहेको छ । अनि घरमा रहेका सबै सदस्यले नयाँ लुगा लगाउनलाई चाहिने खर्चको जोहो घरमुलीले गर्नै पर्छ। यसै गरी चाडपर्वमा हुने फाल्तु खर्चको पनि हिसाब हुँदैन । चाडपर्वहरुमा देखावटीपना बढी हुने भएकोले यसले महँगो हुँदै गएको हो । धनीहरुको देखासिकी गरिबहरुले पनि गर्नैपर्ने बाध्यताजस्तो हुन्छ चाडपर्वमा । मुख्य गरी मध्यम तथा निम्न वर्गले अत्यधिक बढी मार खप्नुपर्ने हुने परम्परा र संस्कृतिको नाममा पनि। अहिलेको समयमा अभिभावकहरुले प्रत्यक्ष वा परोक्षरुपमा सबैको तयारी गरिरहेका छन् वा गर्नु परिरहेको छ। उसो त घाट सजाउने कामको सुरुआत अहिलेदेखि नै हुन थालिसकेको छ । घाटको तयारी हुन थाल्नु भनेको पबनी घरआँगनमा आइपुग्नु हो । अहिले, तराई मधेशमा रहेका सम्पूर्ण सामाजिक संयन्त्रले कुनै न कुनै रुपमा चाडपर्व मुख्य गरी छठ पबनीको तयारी गरिरहेका छन्। कुनै पनि क्षेत्रमा रहेका कामकाजी महिलालाई पनि यसकारण हतार हुन्छ कि घरमा कामैकाम हुन्छ । अधिकांश पुरुष मानिसलाई पनि यहीसित जोडिएको हतार हुन्छ किनभने सम्भव हुन्छ भने घरकी गृहिणीलाई अलिकति नै भए पनि सघाउन सकिन्छ। जो कुनै संस्थामा कार्यरत हुन्छन्, उनलाई एकैचोटि दीपावलीको दिनदेखि मात्र छुटी हुने हुनाले त्यसको लागि पनि परम तयारी गर्नु परेको छ । पर्वपछि पर्व अर्थात् दीपावलीदेखि पवैपर्व हुनाले सबैको तयारीमा अहिले सम्पूर्ण समाज जुटेको देखिएको छ।

# लोकप्रियतावाद र राष्ट्रवाद एकै सिक्काका दुई पाटा



डा. मार्क एलिस

आज मैले यहाँ कानूनको शासनको अवधारणाबारे आफ्नो विचार राख्नु उपयुक्त होला। म एक अन्तरराष्ट्रिय कानून व्यवसायीको दृष्टिकोणबाट आफ्ना कुराहरु राख्नेछु। कोही युरोपमा बस्छ तर अमेरिकामा जन्मेको छ। तथापि, हामीले आफ्नो देश र अन्तरराष्ट्रिय समुदायका रुपमा साझा चुनौतीहरु सेयर गरिरहेका छौं । मेरा लागि कानूनको शासनको मुद्दा, ‘लोकप्रियतावाद’को उदय र ‘राष्ट्रवाद’ अलि महत्वपूर्ण (चुनौतीपूर्ण) छन्। मलाई लाग्छ, आज राज्यको स्वेच्छाचारी शक्ति लोकप्रियतावाद र राष्ट्रवाद दुबैमा नाटकीय रुपबाट बढिरहेको छ । हामीले यसलाई एउटै सिद्धान्तका रुपमा चर्चा गर्छौं, तर दुबै फरक छन् । म यसलाई एउटा सिक्काका दुईवटा पाटोका रुपमा हेर्छु। आजको लोकप्रियतावादको उदय अधुरा आकांक्षा, सांस्कृतिक पहिचानको कथित हानी नोक्सानी र जेनोफोबिया (विदेशीप्रति घृणाभाव) को उदयबाट जन्मिएको छ।

यो तिनीहरूबाट सञ्चालित छ, जसले आफूलाई राजनीतिक जातिवाद, भूमण्डलीकरणको उदयविरुद्धको सङ्घर्ष, ध्वस्त हुँदै गइरहेको स्थानीय अर्थतन्त्र र आयमा असमानताको नाटकीय वृद्धिको शिकार भएको ठान्दछन्। लोकप्रियतावादले आर्थिकरुपमा पिल्सिएका मानिसहरुबाट शक्ति प्राप्त गर्दछ, जसले सरकार विफल भएको महसुस गर्दछन्। कतिपय मामिलामा उनीहरु सही लाग्छन् तर त्यो भन्दा बढ्ता भयावह छ– राष्ट्रवादको उदय। राष्ट्रवादको विशेषता ‘हामी भर्सेस उनीहरु’ हो। यो एउटा यस्तो मानसिकता हो, जो विषालु असहिष्णुता र अरुप्रतिको हतियारयुक्त घृणावादले लपेटिएको छ। राष्ट्रवाद खुल्ला घाउमा प्रयोग गरिने त्यस्तो मल्हम हो, जसले विश्वलाई झनै कमजोर बनाउँछ।

लोकप्रियतावाद र राष्ट्रवादका अँध्यारा पक्षहरु एकै साथ देखा पर्दछन्। किनभने, धेरै मानेमा दुवै नश्लवादमा आधारित छन्, जसको केन्द्रमा अधिनायकवाद छ। यसले बहुसंस्कृतिवादलाई अस्वीकार गर्छ। अर्को संस्कृतिका मानिसप्रति हुने शत्रुताको अभूतपूर्व वृद्धिप्रति आँखा चिम्लन्छ र उनीहरुलाई ‘आप्रवासी’ ठान्छ। संयुक्त अधिराज्य (बेलायत) जुन देशमा म बस्छु, युरोपेली युनियनबाट ब्रिटेन बाहिर निस्कनु अव्यक्त राष्ट्रवादबाट प्रेरित घटना थियो, जो गहिरो आर्थिक द्वेषको मध्यनजरबाट पुनःजागृत भएर आयो र महत्वपूर्ण एवं मजबुद कारण बन्यो। ब्रेसलेट जनमत संग्रहमा अंग्रेजी राष्ट्रवाद सामुन्नेमा आयो। यो अंग्रेजी समाजको असन्तुष्ट वितृष्णावाला वर्गको पहिचान थियो, जसले आधुनिक विश्व एवं आधुनिक बृटेनमा आफूहरु पछाडि परेको महसुस गर्दथे । तर, आप्रवासनको विरोध र त्यससँग जोडिएको नश्लवाद पश्चिमी संस्कृतिको विकासको कुञ्जी थियो। युरोपमा राष्ट्रवाद तथा लोकप्रियतावादको उदय विश्वकै जस्तो असाधारण छ। सर्वसत्तावादी पार्टीहरुको संख्यामा नाटकीय वृद्धि भएको छ । सन् २०२० मा अधिकांश देशमा कानूनको समग्र पालनामा सुधारको साटो गिरावट आयो। फ्रिडम अफ एक्सप्रेसको २०२४ को रिपोर्टबाट स्पष्ट हुन्छ कि संसारको आधाभन्दा बढी जनसंख्याले अभिव्यक्तिको स्वन्त्रतालाई निकै महंगो अनूभूति गरिरहेको छ। उनीहरु स्वतन्त्ररुपमा बोल्न असमर्थ बनेका छन्।

दोस्रो विश्व्युद्धपछि (बेलायतमा) पहिलोचोटि अति–दक्षिणपन्थी पार्टीले चुनाव जितेको छ। युरोपेली संघका अन्य देशमा राष्ट्रवादी नेता चुनिएका छन्। अष्ट्रिया नेदरल्याण्ड्स, फ्रान्स ‘नेशनल ¥याली पार्टी’ का साथ अगाडि बढिरहेका छन्। हंगेरीमा ‘अति–राष्ट्रवादी प्रजातन्त्र’ को शासन छ। इटली त्यही दिशामा अगाडि बढेको छ। निसन्देह त्यसैका झिल्काहरु देखिएका छन्। पोल्याण्डको लोकप्रिय ‘ल अफ जस्टिस पार्टी’ भर्खरै सम्पन्न चुनावमा पराजित भयो । बेलायतमा मतदाताहरू मध्यमार्गी राजनीतिक स्थितिमा गए। तर, पछि मतदान भयो।

फिलिपिन्स र अन्य धेरै ठाउँमा न्यायपालिका र प्रेसविरुद्ध उत्पीडन एवं हिंसाका कारण न्यायिक स्वतन्त्रता खतरामा परेको छ। मेक्सिको राष्ट्रवादी आन्दोलनको वायाँतर्फ छ, अब न्यायपालिकाको स्वतन्त्रतालाई पुरै नष्ट गर्ने दिशातिर अगाडि बढेको छ । मंगोलियाको पार्टी तीव्ररुपमा अधिनाकवाद र सर्वसत्तावादमा बदलिएको छ। र, निसन्देह भारतको मोदी संलग्न पार्टी (बीजेपी) पनि एउटा राष्ट्रवादी एजेन्डामा चलिरहेको छ।

**चुनावको वर्ष**

यो वर्ष अर्थात सन् २०२४ चुनावको वर्ष हुनेछ। यस वर्ष करिब ३० देशमा चुनाव हुँदैछ। संयुक्त राज्य अमेरिकामा चुनावको अतिरिक्त अरु केही हुने छैन। अमेरिकामा अबको केही हप्तामा जे हुनेछ, त्यसको बाँकी विश्वमा नाटकीय प्रभाव पर्नेछ। यदि अमेरिका अति राष्ट्रवादी–लोकप्रियतावादी उम्मेदवार डोनाल्ड ट्रम्पतर्फ अघि बढ्यो भने‘ ध्यानपूर्वक हेरौं, त्यस दिन के हुनेछ। भलै, यस तथ्यका बावजुद पनि डोनाल्ड ट्रम्प विजयी भएनन् भने पनि अमेरिकामा अझै पनि दीर्घकालीक चुनौतीहरु छन्। जस्तो कि सबै देशमा अतिराष्ट्रवादी, अति रुढीवादीहरु बढेको स्थिति छ। यो स्थिति कानूनको शासनको खिलाफमा जानेछ । किनकि, बाइडेनका सामु राष्ट्रवादी र लोकप्रियतावादी आन्दोलनको डिग्री चुनौतीका रुपमा बढ्दै गइरहेको छ, जसले कानूनको शासनलाई प्रभाव पार्ने छ। जब कानूनको शासन धर्मराउन थाल्छ, अधिनायकवाद र अलोकतान्त्रिक शक्ति नयाँ रुपमा आउँछ। यतिबेला कानुनको शासन, स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस र नागरिक समाजका आधारभूत मान्यताहरूमाथि हमला भइरहेको छ। मूलधारको मिडियालाई शत्रु ठानिन्छ अनि न्यायिक प्रणालीलाई भ्रष्ट अभिजात वर्गको हिस्साका रूपमा हेरिन्छ। संयुक्त राष्ट्र संघ, विश्व बैंक र आईएमएफ जस्ता अन्तर्राष्ट्रिय संस्थाहरू अस्वीकृत हुन्छन्। आज उदार लोकतन्त्रसँग जोडिएका मूल्य मान्यता र विचारहरू, जो अन्तर्राष्ट्रिय सीमानाको आधार हुन्, मेरो विचारमा लोप हुँदै गएका छन्। समाजमा जसले खुला विचार र सहिष्णुतालाई समर्थन गर्दछन्, त्यस्ता नागरिक समाज घट्दै गएका छन्। धेरै देशहरूमा यस्तो छ। कानूनको शासनका आधारभूत तत्वहरूलाई बेवास्ता गर्दै अधिनायकवादले विश्वका विभिन्न क्षेत्रहरूलाई घेरेको छ। कानूनको शासन सम्बन्धी मानयताको सबैभन्दा आकर्षक पक्षमध्ये एउटा यसको विश्वव्यापी समर्थन पनि हो। कानूनको शासन सबैलाई मन पर्छ। सबैले यसलाई अँगालेका छन्। यसलाई संघ संस्था, वकिल, मानवअधिकारवादी संगठन र सरकारहरूका विभिन्न समूहले अँगालेका छ। कुनै पनि एकल राजनीतिक विचार यति व्यापक स्वीकृत र अनुमोदित भएको छैन। कानुनी शासनको अर्थ लचकता हो। तर, यो लचकता अहिले अन्तर्राष्ट्रिय समुदायका लागि चुनौतीपूर्ण बनेको छ। कानूनको शासनको परिभाषा एवं कार्यान्वयनलाई विश्वव्यापी रूपमा नभएर फरक रूपमा परिभाषित गर्ने देशहरू पनि छन्, जसले कानूनको शासन पालना गरिएको दाबी गर्छन्। यो परिभाषा भ्लादिमिर पुटिनबाट आउन सक्छ । चीनबाट पनि यसलाई सम्मान गरिएको कुरा आउँछ । डोनाल्ड ट्रम्पका पालामा अमेरिकाबाट पनि आएकै हो। उनको अघिल्लो प्रशासनमा कानूनको शासनको घमण्ड गरिन्थ्यो।

प्रायः सरकारहरू कानूनी निकायका पछाडि लुक्छन् र यस्तो प्रचार गर्दछन् कि उनीहरुलाई न्यायाधीशहरूको समर्थन गरेका छन । तर, फेरि पनि कानूनको माध्यमबाट महत्वपूर्ण पक्षलाई नजरअन्दाज गरिन्छ । अन्यायपूर्ण सरकारहरुले आधारभूत कानूनी सिद्धान्तहरुलाई बेवास्ता गर्न सक्छन्। र सबल कानूनी संस्थाहरुको अस्थित्वका बावदुत पनि तिनीहरुले धार्मिक मानवअधिकारको उल्लंघन गर्दछन् । विधिको शासन भनेको संस्थाहरु, नियम कानून र कार्यविधि मात्रै होइन। विधिको शासन भनेको नैतिकताको विषय पनि हो। सरकारी शक्तिको मनमौजी प्रयोगमा होइन कि यसलाई न्यायको परिभाषाअन्तर्गत हेरिनुपर्छ ।आज हामी यस्ता सर्वसत्तावादी नेताहरु भेट्छौं, जसले कानूनका आधारभूत मान्यता एवं प्रक्रियालाई सरकारको विवेकहीन एवं मनोमानी प्रयोगबाट रोक्न सकिरहेका छैनन् ।शक्तिको उद्देश्य प्रायः कानूनको शासनको मूल सिद्धान्त र अधिकारहरु नष्ट गर्नु हो । आज यो निसन्देश डिजिटल अधिनायकवादबाट पनि बढिरहेको छ । अधिनायकवादी शासनले नागरिक निगरानी प्रणालीमा नश्लीयतालाई उपयोग गर्छ । उसले सरकारविरुद्ध बोल्ने नागरिक समाजमाथि हतियारका रुपमा यसको प्रयोग गर्दछ। सरकारद्वारा पोषित झूठा समाचार प्रेसित गर्ने कार्य पनि बढिरहेको छ । अधिनायकवादको नियमको आदर्शन विषय पहिले नतै तय भइसकेको छ कि तथ्य र कल्पनावीचको अन्तर एवं सत्य र झूठबीचको अन्तर अब बाँकी छैन। हामी त्यहीँ गइरहेका छौं।

**समाधान के त ?**

यो समस्याको समाधान कसरी गर्ने त ? मसँग यसको उत्तर छैन। मलाई सन्देश छ कि हामी कसैसँग यसको जवाफ छैन। तर, यसबारे सोच्न जरुरी छ। मेरो विचारमा नागरिक शिक्षाका बारेमा सोच्नुपर्छ। नागरिकको ज्ञान, कानूनी शासन तथा लोकतन्त्रको सह्रानामा दुःख गिरावट आइरहेको छ। यसको मुकाविलाका लागि नागरिक शिक्षा एउटा महत्वपूर्ण क्षेत्र हो। शैक्षिक जागरण र पपुलिस्ट आन्दोनको समर्थनबीच सीधा सम्बनध छ भन्ने मलाई लाग्छ। गुणस्तरीय शिक्षा, नागरिक अधिकारप्रतिको व्यापक समझ, नागरिक जागरुकता र बहु सांस्कृतिक दृष्टिकोणवीच गहिरो सम्बन्ध छ। कानूनको शासनमाथि भइरहेको वर्तमान हमलालाई छोटो बुद्धीबाट खारेज गर्न खोज्नु गल्ती हुनेछ। मलाई लाग्दैन कि यस्तो हुन्छ। कानूनी प्रभुत्व र दमनको हतियार वा सामाजिक प्रावधानको हतियार पनि हुन सक्छ। कानूनको शासनको रक्षा किन हुनुपर्छ ? आलोचनात्मक सोच एवं समझलाई बढाउनका यो अभियानले मद्दत गर्न सक्छ। म नेपालको कानूनी समुदायबाट धेरै प्रभावित छु । किनभने, यसले लगातार यी मुद्दाहरुप्रति ध्यान दिइरहेको छ र लगातार चुनौतीहरुको सामना गरिरहेको छ। मलाई आशा छ, हामी जहाँ भए पनि तपाईहरुको नेतृत्व (नेपाल कानुन समाज) ले कानुनी शासनको रक्षाको यस महत्वपूर्ण मुद्दालाई उठाउन प्ररित गर्नेछ। यो हाम्रो समयको चुनौती हो । (नेपाल कानून समाजद्वारा सोमबार दरबारमार्गमा आयोजित ‘कानूनको शासन र मानवअधिकार’ विषयक सम्वाद कार्यक्रममा अन्तर्राष्ट्रिय कानुनका ज्ञाता एवं इन्टरनेशनल बार एशोसिएसनका कार्यकारी निर्देशक डा. मार्क एलिसले व्यक्त गरेको मन्तव्यको भावानुवाद)

# विचाराधीन विधेयक पेस गर्न सभामुखको निर्देशन



**काठमाडौँ ।**
सभामुख देवराज घिमिरेले संसदीय समितिहरूमा विचाराधीन रहेका विधेयकलाई आगामी अधिवेशनमा पेस गर्न निर्देशन दिएका छन् ।

सिहंदरबारस्थित सभामुखको कार्यकक्षमा मंगलबार बसेको संसदीय समितिका सभापति र प्रमुख दलका प्रमुख सचेतक तथा सचेतकसँगको बैठकमा उनले निर्देशन दिएका हुन् ।

बैठकमा सभामुख घिमिरेले 'कुन समितिमा कति विधेयक छन् ? त्यसलाई पास गर्न कति समय लाग्छ' भनेर चासो देखाएको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले जानकारी दिए ।

बैठकमा समिति सभापतिहरूले संसद् अधिवेशन अन्त्य भएसँगै बैठक बस्न नसकेको जानकारी सभामुखलाई दिएका हुन् । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति खानले भने,'हामी समितिका सभापतिहरू अधिकांश सांसद गृह जिल्ला गएकाले बैठक बस्न कोरमसमेत नपुगेको कुरा सभामुखसँग राख्यौँ ।'

सभामुख घिमिरेले मंगलबार विहान ११:३० बजे दफावार छलफलका लागि विधेयक रहेका समितिका सभापतिहरू र प्रमुख दलका प्रमुख सचेतकसँग छलफल गरेका हुन् । संसद्को आगामी अधिवेशनमा बिजनेसको अभाव हुन नदिन सभामुखले सभापतिहरूलाई बोलाएका हुन् ।

बैठकमा एमालेका मुख्य सचेतक महेश कुमाल बर्तौला, कांग्रेस प्रमुख सचेतक श्यामकुमार घिमिरे, माओवादी केन्द्रका प्रमुख सचेतक हितराज पाण्डे, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियार र राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर शाहीलाई बोलाइएको थियो । एमालेका मुख्य सचेतक बर्तौलाले सभामुखले विशेषगरी संसदीय समितिको बैठक राख्नका लागि निर्देशन दिएको जानकारी दिए ।रासस

# वन तथा वातावरण मन्त्रालयः द्रुतमार्ग निर्माणमा वन क्षेत्रका अवरोध हटाइयो




**काठमाडौँ ।**
वर्तमान सरकार गठन भएको मंगलबार एक सय दिन पुगेको छ । यस अवधिमा सरकारले गरेका विभिन्न उपलब्धिसँगै वन तथा वातावरण मन्त्रालयले गरेको उपलब्धि सार्वजनिक गरेको छ । वन तथा वातावरण मन्त्रीको रूपमा ऐनबहादुर शाही ठकुरी आएपछि मन्त्रालयमा रोकिएका काम अघि बढेको र लामो समयदेखि हुन नसकेका निर्णय भएको मन्त्रालयले जनाएको छ ।

यस अवधिमा मन्त्रालयले काठमाडौँबाट तराई/मधेस प्रदेश जोडने द्रुत निर्माणमा देखिएका कानुनी अवरोध समाधान गर्ने प्रक्रियालाई महत्वका साथ अघि बढाएको छ ।

मन्त्रालयले चालु आर्थिक वर्षको असोज मसान्तसम्म ११ विकास आयोजनालाई राष्ट्रिय वन क्षेत्रको एक सय ३० हेक्टर जग्गा प्रयोग गर्न स्वीकृती प्रदान गरेको छ ।

नेपाली सेनाको व्यवस्थापनमा निर्माण हुने उक्त सडक आयोजनाको दुरी ७० दशमलव ७७ किलोमिटर रहेको छ । यस सडकको कुल लागत एक खर्ब १२ अर्ब रुपैयाँ हुने अनुमान छ । उक्त सडक २०८३ सालमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ । सो सडक काठमाडौँको खोकनादेखि सुरु भई बाराको निजगढ जोडिन्छ । यस सडकको दुरी पार गर्न सामान्यतया एक घण्टा समय लाग्ने बताइएको छ ।

**कोप २९ को तयारी तीव्र**

वन मन्त्रालयले यस अवधिमा जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप—२९) को पूर्व तयारी गरेको छ । अन्य अन्तर्राष्ट्रिय सम्मेलनमा प्रभावकारी रूपमा सहभागिता जनाएको मन्त्रालयलको उपलब्धि विवरणमा उल्लेख छ ।

मन्त्रालयले यही कात्तिक ३ र ४ गते मुगुको रारा ताल क्षेत्रमा कोप २९ सम्मेलनको तयारी सम्बन्धमा दुई दिने राष्ट्रिय कार्यशाला सम्पन्न गरेको छ । साथै कोप २९ को तयारी विभिन्न विषयका विज्ञ सम्मिलित उपसमिति गठन गरी प्रतिवेदन तयारी भइरहेको मन्त्रालयले जनाएको छ ।

यसैगरी ठूला आयोजनाका फाइल स्वीकृति गर्नुका साथै विभिन्न नीतिगत सुधार र परिमार्जनको सुरुवात गरेको छ । नीतिगत र संरचनात्मक सुधारको पहल कदमी अघि बढाएको छ । यस अवधिमा मन्त्रालयले दोधारा चाँदनी सुख्खा बन्दरगाह एकीकृत जाँच चौकी निर्माणका लागि शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्रको राष्ट्रिय वनको ४२ दशमलव ३६ हेक्टर जग्गामा रहेका रुख बिरुवा हटाउन स्वीकृति प्रदान गरेको छ । तीन वर्ष १० महिनामा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको यस परियोजनाको पहिलो चरणको लागत छ अर्ब १८ करोड रुपैयाँ रहेको छ ।

मन्त्रालयले सुदुरपश्चिम र कर्णाली प्रदेशको उच्च हिमाली जिल्लाका माथिल्लो वन क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी यार्सागुम्बा व्यवस्थापन सङ्कलन तथा ओसारपसार निर्देशिका २०८० को मस्यौदालाई परिमाजन गर्ने निर्णय गरेको छ । त्यस्तै, संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको सम्मेलनलगायत कार्यक्रमका लागि अन्तर्राष्ट्रिय वार्ता गठन गर्ने अवधारणा पत्र स्वीकृत गरिएको छ । त्यसैगरी बुटवल उपमहानगर पालिकाद्वारा प्रस्तावित उजिरसिंह रङ्गशाला निर्माणका निम्ति राष्ट्रिय वन क्षेत्रको जग्गा भोगाधिकार प्राप्त गर्न र उक्त क्षेत्रभित्र पर्ने रुख कटान गर्न स्वीकृति दिइएको छ । सब वन डिभिजन कार्यालय बराहताल र बेतन कर्णालीको भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय गरिएको छ ।

यस अवधिमा नवलपरासीको देवचुलीमा ट्रमा सेन्टरका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने र सो जग्गामा पर्ने रुख हटाउनेसमेत निर्णय गरिएको छ । विनयी त्रिवेणी गाउँपालिका, भुम्लु गाउँपालि र जमिरकोट गाउँपालिकाको प्रशासकीय भवन बनाउन वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने निर्णय भएको मन्त्रालयले जनाएको छ । लखरपाटा खम्बागाडे मुरमुरी जामु सुनगाभा सडक निर्माण गर्न १० दशमवल १७३ किमी राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने र सो जग्गाभित्रका रुख विद्युत्का पोल हटाउन दिनेसमेत निर्णय गरिएको मन्त्रालयको विवरणमा उल्लेख छ ।

त्यस्तै सूर्य होल्डिङ प्रालिले प्रस्ताव गरेको माथिल्लो मेवा खोला 'ए' जलविद्युत् आयोजना निर्माणका लागि वन क्षेत्रको जग्गा प्रयोग गर्न स्वीकृति प्रदान गरिएको छ ।

संरक्षण व्यवस्थापन चौथो संशोधन नियमावली २०८१, दिगो वन व्यवस्थापनका लागि राष्ट्रिय मापदण्ड २०८१, चुरे उत्थानशील आयोजनासम्बन्धी कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तथा प्रदेशहरूबाट सञ्चालन गरिने सशर्त अनुदानका कार्यक्रमको कार्यान्वयन कार्यविधि पनि स्वीकृति गरिएको छ । सङ्खुवासभा जलविद्युत् आयोजना ४१ दशमलव ६ मेगावाटको म्याद थप गर्ने निर्णय सदर गरिएको छ । त्यस्तै कालीगण्डकी गर्ज जलविद्युत् आयोजना एक सय ८० मेगावाटको पुरक वातावरणीय अध्ययन मूल्याङ्कन र माथिल्लो खुदी जलविद्युत् आयोजना २६ मेगावाटको परिमार्जित वातावरण व्यवस्थापन योजना गर्न दिने निर्णय भएको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयले ललितपुर जावलाखेलस्थित सदर चिडियाखानाको व्यवस्थापनका लागि राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिने निर्णय गरेको छ । ठूलो खोला जलविद्युत् आयोजना दुई सय २० केभी विद्युत् प्रशारण लाइन आयोजना निर्माणका लागि राष्ट्रिय वनको प्रयोग गर्न दिने स्वीकृति दिएको छ ।

बकान खोला जलविद्युत् आयोजना ४४ मेगावाटको वातावरणीय अध्ययनका लागि अनुमति दिइएको छ ।

पिपलटार देउराली सडक २० दशमलव ८७ किमी निर्माणका लागि राष्ट्रिय वनको जग्गा प्रयोग गर्न दिने स्वीकृती दिइएको छ । त्यसैगरी नेपाल जलवायु नमुना कार्यक्रम सञ्चालन कार्यविधि २०८१ पनि स्वीकृति गरिएको सय दिने उपलब्धि विवरणमा उल्लेख छ ।

मन्त्रालयले यस अवधिमा दिगो वन व्यवस्थापन मापदण्ड स्वीकृत गरेको छ । बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको छ । रातो बाँदरको हकमा प्रतिवेदन तयार गरी घोषणाको तयारी गरिएको छ । विश्व बैंकबाट कार्बन व्यापारबाट प्राप्त हुने पहिलो किस्ताको रकम एक अर्ब ६० करोड रुपैयाँ स्थानीयस्तरमा परिचानलका लागि बाँडफाट भएको पत्र रेड कार्यान्वयन केन्द्रमा प्राप्त भएको छ ।

'मन्ट्रियल प्रोटोकल' अन्तर्गतको किगाली संशोधन अनुमोदन प्रस्ताव तयारी गरिएको र सामुदायिक वन मार्गदर्शक तयारी गरिएको मन्त्रालयले जनाएको छ ।

राष्ट्रिय बाँस तथा बेत विकास रणनीति र बाह्य मिचाहा प्रजाति नियन्त्रण रणनीति तयार गरिएको छ भने यस अवधिमा वन विकास कोषमा छ करोड ५९ लाख ११ हजार दुई सय चार रुपैयाँ जम्मा भएको मन्त्रालयले जनाएको छ ।रासस

# सञ्चार मन्त्रालयको शतप्रतिशत उपलब्धि




**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सरकारको सय दिनको कार्ययोजना शतप्रतिशत पूरा गरेको छ । मन्त्रालयलाई तोकिएको लक्ष्य र जिम्मेवारी पूरा हुनमा सरकारका प्रवक्ता एवं मन्त्री पृथ्वी सुब्बा गुरुङ र सचिव राधिका अर्यालको तदारुकता र कर्मचारीको उच्चस्तरको कार्यसम्पादन रहेको मन्त्रालयका सहसचिव गजेन्द्रकुमार ठाकुरले बताए ।

राष्ट्रिय समाचार समिति (रासस) सँग मंगलबार संवाद गर्ने क्रममा उनले मन्त्रालयलाई दिइएका १५ वटा कार्य समयमै पूरा गरेको जानकारी दिए ।

राससको सेवा २४ सै घण्टा सञ्चालन हुनु, रासस सङ्ग्रहालय खोल्नु, मैथिली र नेपाल भाषामा समाचार सेवा सञ्चालन गर्नु पनि मन्त्रालयको सय दिने कार्ययोजना अनुसार नै सम्पन्न भएको मन्त्रालयका प्रवक्ता ठाकुरले बताए ।

त्यस्तै मन्त्रालयले सय दिने कार्ययोजनामा गोरखापत्रमा ४३ भाषामा एक राना थारु भाषा थप गरेर ४४ भाषामा समाचार सम्प्रेषण गर्नु, रेडियो नेपालमा दनुवार भाषा थप गरेर २५ वटा मातृभाषामा समाचार सेवा सञ्चालन गर्नु, हुम्लामा फाइवर टु द होम (एफटिटिएच) विस्तार गर्नु, तालिम सञ्चालन, सुरक्षा अडिट सम्पन्न, फिक्सड फाइबर विस्तार, मोबाइल सेवा विस्तार, फोरजी (एलटिइ) प्रयोगकर्ता २ प्रतिशत थपगरी ७२ प्रतिशत जनसङ्ख्यामा विस्तार गर्नेलगायत काम पूरा गरेको छ ।

प्रवक्ता ठाकुरले सीमित स्रोतसाधानमा महत्वपूर्ण काम सम्पादन पूरा गर्नु चुनौतीपूर्ण रहेको बताए ।

'भौगोलिक चुनौती र सीमित स्रोतसाधनमा काम सम्पादन गर्नु सजिलो थिएन', उनले भने,'यसमा मन्त्रालय मातहतका कर्मचारी, प्रमुखको कडा परिश्रम र मन्त्री एवं सचिवको प्रोत्साहनले समयमै लक्ष्य पूरा गर्न सम्भव भएको हो ।'

उनका अनुसार मन्त्रालयले पूरा गरेको काम एकल नभई सामूहिक सहकार्यको प्रतिफल रहेको बताए । आगामी त्रैमासिक कार्ययोजना अझै गुणस्तर र प्रभावकारी ढङ्गले सफल बनाउन जुझारु रहेको उनले सुनाए । रासस

# जाजरकोटका दलले बुझाए मुख्यमन्त्री कँडेललाई ध्यानाकर्षणपत्र

**काँक्रेविहार ।**
जाजरकोटका राजनीतिक दलहरूले कर्णालीका मुख्यमन्त्री यामलाल कँडेललाई १० बुँदे ध्यानाकर्षण पत्र बुझाएका छन् । भूकम्प गएको एक वर्ष पुग्न लाग्दासमेत अस्थायी आवास बापतको रकम प्राप्त नभएकाले यहाँका राजनीतिक दलका प्रतिनिधिले मुख्यमन्त्रीसँग गुनासोसहित ध्यानाकर्षण पत्र बुझाएका हुन् ।



सङ्घीय सरकारले निर्माण गरिरहेको मध्यपहाडी राजमार्गको मन्ताभीर खण्ड निर्माण नभएको,भूकम्पपछिको पुनःनिर्माण, सहुलियत कर्जा उपलब्ध गराउने लगायतका विषय ध्यानाकर्षण पत्रमा समेटिएको छ । प्रदेश सरकार मातहतको जिल्ला अस्पताल जाजरकोटलाई विशेषज्ञ सेवासहित सेवा सञ्चालनका लागि आवश्यक बजेट तथा जनशक्ति व्यवस्थापन गरिदिन आग्रह गरिएको छ ।

जाजरकोटका विभिन्न ठाउँमा रहेका काइननाईट, टुरमालीन जस्ता बहुमूल्य पत्थर खानी, बारेकोटको फलामखानी उत्खनन तथा प्रशोधनका लागि प्रदेश सरकारले बजेट व्यवस्था गरिदिन आग्रह गरेको छ । ध्यानाकर्षण पत्रमार्फत सङ्घीय सरकारकै कार्यक्षेत्र रहेको नलगाड जलविद्युत् आयोजना चार सय १७ मेगावाटलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा अगाडि बढाउन आग्रह गरिएको छ । सङ्घीय सरकार मातहतका थलह चाँदे हुँदै जुम्ला जोडने सडक, थलह फूलकारी नदइडाव सडक, कुशे बाउली ढुङ्गा सडक, छेडा कचाली सडक, बारेकोट मुलसाव जुम्ला सडक निर्माण गर्न बजेट माग गरिएको छ ।

त्यस्तै, सुयाडा, मष्टामन्दिर, पौराणिक स्तुपा निर्माणका लागि ध्यान दिन अनुरोध गरिएको नेकपा (माओवादी केन्द्र)का प्रदेश कमिटी सदस्य अमरसिंह राठोरले बताए ।रासस

# विधेयक सम्बन्धमा अर्थ तथा विकास समितिमा छलफल

**गण्डकी ।**
गण्डकी प्रदेशसभाको अर्थ तथा विकास समितिको मंगलबार सम्पन्न बैठकमा गण्डकी प्रदेशमा सार्वजनिक सडक निर्माण, विस्तार तथा मर्मत सम्भार गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक लगायतका विषयमा छलफल गरिएको छ ।

बैठकले विधेयक प्रभावकारी बनाउने सम्बन्धमा विज्ञ, मातहतका सबै निकायसँग थप छलफल गर्ने निर्णय गरेको समितिका सभापति भोजराज अर्यालले बताए । उनका अनुसार बैठकमा सडकको वर्गीकरण, ठेक्का प्रणालीमा भएका त्रुटी सच्याउने लगायतका विषयमा सुझाव प्राप्त भएको छ । बैठकमा समितिका सदस्यहरूले सडक पूर्वाधार निर्माण गर्दा त्यसको आवश्यकता र औचित्य समेतका आधारमा त्यसले पार्ने दीर्घकालीन प्रभावलगायतमा गम्भीर बन्नुपर्नेमा जोड दिएका छन् ।

समितिका सदस्य दीपेन्द्रबहादुर थापाले सडक विकासको मेरुदण्ड भएको बताउँदै बिना योजना जथाभावी बाटो खन्दा केबल खर्च मात्रै वृद्धि हुने बताए । सडक पूर्वाधार बन्ने तर त्यहाँ बस्ती नरहने जस्ता गम्भीर विषयलाई आत्मसात गरी आवश्यकताका आधारमा सडक निर्माण हुनुपर्ने उनको धारणा थियो ।

अर्का सदस्य प्रकाश बरालले सडक मापदण्ड निर्माणमा आवश्यकता र औचित्यलाई ध्यान दिनुपर्नेमा जोड दिए । बैठकमा समितिका सदस्य सीताकुमारी सुन्दास, पार्वती तामाङ, महेन्द्र थापा, गणेशमान गुरुङ, लक्ष्मण पाण्डे लगायतले सडकको वर्गीकरण गरिनुपर्नेमा जोड दिए । बैठकले कालीगण्डकी करिडोर अन्तर्गत निर्माणाधीन कोराला नाकासम्मको सडकको स्थलगत अनुगमन तथा निरीक्षण गर्ने निर्णय समेत गरेको छ ।रासस

# बाढीपहिरोपीडितलाई पाँच करोड आर्थिक सहयोग




**काठमाडौँ ।**
सरकारले हालैको बाढीपहिरो र डुबानमा परी ज्यान गुमाएका परिवारका निकटका नातेदारलाई आर्थिक सहायता प्रदान गरेको छ ।
सरकारले प्रतिमृतक दुई लाख रुपैयाँ प्रदान गरेको हो । गृह मन्त्रालयका अनुसार हालसम्म २३ जिल्लाका मृतकका परिवारलाई राहतस्वरुप पाँच करोड रुपैयाँ प्रदान गरिएको छ ।
बाढीपहिरोमा परी दुई सय ३८ जनाले ज्यान गुमाएका थिए । एक सय ७७ जना घाइते भएका छन् भने १८ जनाको अवस्था अझै अज्ञात छ । पीडित परिवारलाई आर्थिक सहायता प्रदान गर्ने क्रम जारी छ । रासस

# उचित मूल्यमा औषधि उपलब्ध गराउन समिति



**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले उपभोक्तालाई उचित मूल्यमा औषधि उपलब्ध गराउने सन्दर्भमा आवश्यक अध्ययन तथा सुझावका लागि समिति गठन गरेका छन् ।
मंगलबार मन्त्रिस्तरीय निर्णय गर्दै उनले अर्थविद् डा.पोषराज पाण्डेको संयोजकत्वमा सात सदस्यीय सुझाव समिति गठन गरेका हुन् ।
समितिको सदस्यमा स्वास्थ्यविद् डा.अर्पणा न्यौपाने, स्वास्थ्य अर्थविद् डा.देवीप्रसाद प्रसाईं, मन्त्रालयको गुणस्तर मापन तथा नियमन महाशाखा प्रमुख डा सरोज शर्मा, नेपाल मेडिकल काउन्सिलका प्रतिनिधि रहेका छन् । समितिको सदस्य सचिवमा औषधि व्यवस्था विभागका महानिर्देशक नारायणप्रसाद ढकाल रहेका छन् ।
समितिलाई उपभोक्तालाई उचित मूल्यमा औषधि उपलब्ध हुनेगरी समायोजनका लागि आवश्यक नीतिगत व्यवस्था गर्न सुझाव दिन कार्यादेश दिइएको छ ।
यस्तै, छिमेकी देशहरूले अपनाइएका औषधिको मूल्यसम्बन्धी नीति, व्यवस्था र प्रक्रिया अध्ययन गरी मूल्य निर्धारणसम्बन्धी आधार पहिचान गरी नीतिगत सुधारका लागि सुझाव दिन पनि भनिएको छ ।
मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले समितिले औषधिका मूल्यसम्बन्धी अभ्यास पुनरावलोकन गरेर गुणस्तर पहिचानका लागि सुझाव दिन कार्यजिम्मेवारी दिइएको बताए ।
'औषधिको मूल्यसँग सम्बन्धित नीतिगत प्रणाली, बजार मूल्य, आयात निर्यातको अवस्था तथा सरकारी नीति, मूल्य निर्धारण गर्नुपर्ने थप औषधिहरूको सूची र प्रस्तावित अधिकतम खुद्रा मूल्यसम्बन्धी आधारसहित सुझाव दिनेछ', उनले भने ।
कार्यसम्पादनका लागि आवश्यक कार्यविधि समिति आफैंले निर्धारण गरेर आवश्यकता अनुसार विषयगत उपसमिति गठनलगायत काम गर्नसक्ने जनाइएको छ । समितिको सुझावका आधारमा उपभोक्तालाई औषधिको गुणस्तर नियन्त्रण प्रभावकारी बनाउँदै उचित मूल्यमा उपलब्ध गराउने गरी मन्त्रालयले आवश्यक निर्णय लिने प्रवक्ता डा.बुढाथोकीले बताए । रासस

# थाउँलु विश्वकपका लागि उसु खेलाडीको बिदाइ




**हेटौँडा ।**
जापानको टोकियोस्थित योकोहा सहरमा अक्टोवर २३ देखि २८ सम्म आयोजना हुने तेस्रो थाउँलु विश्वकप २०२४ मा सहभागी उसु खेलाडी टोलीलाई बिदाइ गरिएको छ ।
बागमती प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले जितका लागि शुभकामना दिँदै बिदाइ गरेका हुन् ।
यो अवसरमा मन्त्री महर्जनले बागमती प्रदेश युवा तथा खेलकुद मन्त्रालय र खेलकुद विकास परिषद् उसु खेलको समग्र विकासका लागि साथ सहयोग गर्न सदैव तयार रहेको प्रतिबद्धता व्यक्त गरे । मन्त्री महर्जनले अन्तर्राष्ट्रिय प्रतियोगितामा खेलाडीलाई सहभागी गराएर खेलमार्फत् राष्ट्रको नाम विश्वसामु चिनाउन र पदक जिताउन उसु महासङ्घको महत्वपूर्ण योगदान रहेको भन्दै महासङ्घलाई धन्यवाद दिए ।
विश्वकपमा खेलाडी दीपक हमाल, विजय सिञ्जाली, निमा घर्ती मगर, पासाङ शेर्पा र राजीव तामाङ सहभागी हुनेछन् । नेपाली उसु टोलीको नेतृत्व महासङ्घका महासचिव ल्हाक्पा छिरिङ लामाले गर्नेछन् भने अन्तर्राष्ट्रिय कोच निकेश श्रेष्ठले टिम कोचको भूमिका निर्वाह गर्ने जनाइएको छ ।
विश्वकपमा सहभागिता जनाउन जान लागेका खेलाडी २०२४ अप्रिलमा चीनमा भएको अन्तर्राष्ट्रिय आमन्त्रित उसु प्रतियोगिताबाट छनोट भएका हुन् । साथै एसियाली राष्ट्रमध्ये यस प्रतियोगितामा नेपालले मात्रै सहभागी हुने अवसर प्राप्त गरेको महासङ्घका महासचिव लामाले जानकारी दिए ।
काठमाडौँमा आयोजित बिदाइ कार्यक्रममा नेपाल लोकतान्त्रिक खेलकुद सङ्घका अध्यक्ष देवेन्द्रकुमार शेरचन, राष्ट्रिय खेलकुद परिषद् अन्तर्गत राष्ट्रिय टिम तयारी निर्देशक दीपक विष्ट,उपनिर्देशक एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घका अध्यक्ष दीपक श्रेष्ठलगायतले खेलाडीलाई जितको शुभकामना दिएका थिए । रासस

# दसैँ–तिहारलाई कोसेली कर्णालीको स्याउ



**बाँके ।**
कर्णालीको प्राङ्गारिक स्याउ बजारमा सस्तो दरमा उपलब्ध भएपछि यस वर्ष दसैँ–तिहारको कोसेलीका रूपमा घरघरमा पुगेको छ ।
आयातीत भारतीय र चीनको भन्दा सस्तो, स्वादिलो र लामो समयसम्म भण्डारण गर्न सकिने भएकाले नेपालगन्जवासीको रोजाइमा कर्णालीको स्याउ परेको छ ।
नेपालगन्जको धम्बोझीमा कर्णालीको स्याउ किन्दै गर्नुभएका बाँकेको खजुराका युवा व्यवसायी शतिश निरौलाले दसैँमा घरमा खान, पाहुनालाई प्रसाद तथा मान्यजनकहाँ जाँदा कोसेली लैजान कर्णालीको स्याउ स्वादिलो र सजिलो भएको
बताए ।
'सिजनको जुम्ली स्याउ स्वादिलो र रसिलो हुने भएकाले नेपालगन्जबाट अन्यत्र जाँदा दशैँ–तिहारमा कोसेलीका रूपमा लैजाने सहज भएको छ', उनले भने, 'विदेशी स्याउको तुलनामा कर्णालीको स्याउ स्वादिष्ट र सस्तोसमेत भएकाले यो वर्ष धेरैको रोजाइमा परेको छ ।'
**नेपालगन्ज**
उपमहानगरपालिका–१० आदर्शनगर निवासी मङ्गलीमाया श्रेष्ठले यस वर्षको दसैँमा कर्णालीको स्याउ कोसेलीका रूपमा १५ किलो खपत गरेको बताए । घरमा आउने पाहुनालाई प्रसाद दिने मात्र नभएर मान्यजनकहाँ दशैँको टीका, जमरा र आशीर्वाद लिन जाँदा पनि सजिलो हुने भएकाले स्याउ नै बोकेर जाने गरेको उनको भनाइ छ ।
नेपालगन्जको धम्बोझीमा तिहारलाई लक्षित गरेर अहिले पनि कर्णालीको स्याउ किनबेच गर्नेको भीडभाड हुने गरेको छ ।
नेपालगन्जको धम्बोझी चोकमा कर्णालीकै महिलाहरूले असोजको पहिलो हप्तादेखि नै स्याउको बिक्री–वितरण गर्दै आएका छन् । जुम्लाको सिँजा गाउँपालिकाबाट नेपालगन्जमा स्याउ बिक्री गर्न आउनुभएकी शीतली रोकायले दैनिक २५ देखि ३० किलोसम्म स्याउ बिक्री गर्ने गरेको बताए । अन्य बेलाभन्दा दशैँ–तिहारको बेला स्याउ धेरै बिक्री हुने गरेको उनको भनाइ छ ।
नेपालगन्जका अन्य फलफूल पसलमा समेत उपभोक्ताले कर्णालीकै स्याउ किन्ने गरेका छन् ।
नेपालगन्जको त्रिवेणी मोडस्थित पुरानो फलफूल पसल महाराजा फ्रुटका सञ्चालक कमल सुनारले यो वर्ष कर्णालीको स्याउले भारतीय र चाइनिज स्याउलाई जितेको बताए । उनले आफ्नो पसलमा आउने उपभोक्ताले कर्णालीको स्याउ नै खोज्ने गरेको बताए ।
यो दसैँमा कर्णालीको स्याउ अन्य समयको तुलनामा तीन गुणा बढी बिक्री भएको छ । बाहिरबाट आउने स्याउको तुलनामा कर्णालीको स्याउ स्वादिलो र सस्तोसमेत भएकाले उपभोक्ताको रोजाइमा परेको सुनारले उल्लेख गरे ।
कर्णाली स्याउ बजारमा आएपछि भारत र चीन दुवै ठाउँबाट आउने स्याउको आयात घटेको छ ।कर्णाली प्रदेशका जुम्ला, कालीकोट, हुम्ला र मुगुमा उत्पादन गरिएको 'अग्र्यानिक' स्याउ ठूलो मात्रामा नेपालगन्जमा भित्रिएको छ ।
भारतीय स्याउ प्रतिकिलो एक सय ५० रुपैयाँ देखि दुई सय ५० रुपैयाँ र चीनको स्याउ प्रतिकिलो एक सय ६० रुपैयाँ भन्दा बढीमा बिक्री भइरहेका बेला कर्णालीको अग्र्यानिक स्याउ बाँकेमा प्रतिकिलो ९० रुपैयाँदेखि एक सय २० रुपैयाँसम्ममा पाइन थालेपछि यो वर्षको दशैँ–तिहारमा उपभोक्तालाईको रोजाइमा परेको स्थानीय व्यवसायी रमजान कबडियाले बताए । उनका अनुसार अहिले जताततै कर्णालीकै स्याउ बिक्री भइरहेको छ । भारतीय स्याउ महँगो र चीनको स्याउ त्यति स्वादिलो नभएकाले कर्णालीको स्याउको माग अत्यधिक बढेको छ । कबडियाले सीमापारिबाट आउने भारतीय नागरिकले समेत कोसेलीका रूपमा कर्णालीको स्याउ किनेर लैजाने गरेको बताए । रासस

# चितवनमा मौरी चरनका लागि सहजीकरण माग



**चितवन ।**
मौरीपालन विकास केन्द्र भण्डारा चितवनले मौरी चरनका लागि सहजीकरण गरिदिन सम्पूर्ण सरोकारवाला निकायसँग अनुरोध गरेको छ ।
हाल मौरीको चरन समय भएको हुँदा देशका विभिन्न क्षेत्रमा चरनका लागि मौरी लैजानपर्ने हुँदा मौरी चरन गर्दा हुने परागसेचनबाट हुने फाइदाको कम बुझाइका कारण समस्या उत्पन्न हुने गरेकाले कार्यालयले यसका लागि सहजीकरण गरिदिन सम्पूर्ण सरोकारवाल निकायहरूसँग अनुरोध गरेको हो ।
कार्यालयका प्रमुख वरिष्ठ बाली संरक्षण अधिकृत सुजन अङ्गाईले हाल मौरीपालकले एपिस मेलिफेरा जातको मौरीलाई विभिन्न जिल्लामा चरनमा लैजाने समय आएको बताए । उनले मौरीले बोटबिरुवामा परागसेचन गर्न सहयोग गर्ने भएकाले बाली तथा बोटबिरुवाको वंश संरक्षणमा समेत भूमिका खेल्ने उल्लेख गरे ।
उनले भने, 'अन्य देशहरूमा बिरुवाहरूको फूल खेल्ने समयमा मौरीलाई भाडामा ल्याएर चराइन्छ, तर यहाँ मौरीपालक किसानले उल्टो पैसा तिरेर चराउन लैजाँदा पनि समस्या आउने गरेको किसानको गुनासो हुन्छ, यो कुरा सबैले बुझ्न जरुरी हुन्छ कि मौरी चराउँदा बिरुवाको उत्पादनमा वृद्धि हुन्छ, यसले कुनै पनि हानि गर्दैन ।'
मौरीहरू विभिन्न प्रकारका फूल फुल्ने बिरुवामा भ्रमण गर्दा जैविक विविधता र पारिस्थितिक सन्तुलन कायम हुने, धेरै बिरुवा प्रजातिको परागसेचनमा योगदान पुर्‍याई बोटबिरुवाको वंश संरक्षणमा समेत टेवा पुग्ने उनको भनाइ छ ।
विभिन्न फूल फुल्ने बोटबिरुवामा खेर जाने पुष्प रस र परागलाई मौरीले सङ्कलन गरी मह तथा कुट बनाउने गर्छ । परागसेचनमा विभिन्न परागसेची जीवमध्ये ७० देखि ८० प्रतिशत कीरा वर्गको भूमिका हुन्छ । त्यसमध्ये मौरीको मात्र योगदान ८० प्रतिशत रहेको उनले जानकारी दिए । धेरै बाली परागसेचनमा निर्भर हुने हुँदा मौरीको सङ्ख्यामा कमी भएमा कृषि उत्पादन तथा उत्पादकत्वमा प्रतिकूल प्रभाव पर्न सक्ने प्रमुख अङ्गाईले बताए ।
लामो समयदेखि मौरीपालन गर्दै आउनुभएका कालिका नगरपालिका–६ का मौरीपालक किसान शिवप्रसाद शर्मा पौडेलले मौरीपालन गर्दा चरनको निकै समस्या हुने बताए । उनले भने,'मौरीलाई चराउन देशका धेरै स्थानमा डुलाउनुपर्छ, विभिन्न स्थानमा लैजाँदा दुःख झेल्नुपर्छ, विभिन्न स्थानीय तह, टोल र घरमा समेत समन्वय गर्नुपर्ने हुँदा निकै झन्झटिलो हुन्छ ।'
व्यावसायिक मौरीको सङ्ख्या बढी हुँदा चरन क्षेत्रको अभाव पनि हुने गरेको उनले बताए । चरनका लागि नयाँ स्थान खोज्नुपर्ने अवस्था आएको उनको भनाइ छ । नेपाल मौरीपालन महासङ्घका निवर्तमान अध्यक्षसमेत रहेका पौडेलले महको मूल्य राम्रो रहेको तर बिचौलियाले किसानबाट सस्तोमा खरिद गरी महँगोमा बेच्ने गरेको गुनासोसमेत गरे ।
हाल चितवनमा करिब पाँच सय ५० मौरीपालक किसानले २० हजारभन्दा बढी घारमा मौरीपालन गर्दै आएका छन् । यहाँका किसानले दाङ, प्यूठान, सल्यान, बर्दिया, कपिलवस्तु, रुपन्देही, नवलपरासी, रौतहट, मकवानपुर, सर्लाही, महोत्तरीलगायत जिल्लामा मौरी चराउन लैजाने गर्दछन् । जिल्लामा वार्षिक रुपमा नौ सय 'मेट्रिकटन' मह उत्पादन हुँदै आएको कार्यालयका प्रमुख अङ्गाईले जानकारी दिए । यहाँ एपिस मेलिफेरा र एपिस सेरेना गरी दुई जातका मौरीको व्यावसायिक रुपमा पालन हुँदै आएको छ । रासस

# दशैँपछि घोडेपानी र पुनहिलमा पर्यटक बढे



**गलेश्वर ।**
चक्रीय अन्नपूर्ण पदमार्गअन्तर्गत पर्ने म्याग्दीको अन्नपूर्ण गाउँपालिका–६ मा रहेको प्रसिद्ध पर्यटकीयस्थल घोडेपानी र पुनहिलमा दशैँपछि आन्तरिक तथा बाह्य पर्यटकको आगमन बढेको छ ।
हिमशृङ्खला र सूर्योदयको मनोरम दृश्यावलोकनका लागि अहिले आन्तरिक तथा बाह्य पर्यटकको भीड लागेको घोडेपानीका होटल व्यवसायीहरूले बताएका छन् ।
दसैँको समयमा घोप्टेखर्कमा पहिरोले अवरुद्ध बनाएको सडक मर्मत गरेर पोखरेबगर–घोडेपानी सडकमा जिप र मोटरसाइकल सञ्चालन गर्न मिल्ने बनाएपछि घोडेपानी तथा पुनहिलमा पर्यटकको आगमन बढेको घोडेपानी टोल सुधार समितिका उपाध्यक्ष जुली ठकुरी पुनले बताए । उनका अनुसार तिहार र छठ पर्वका अवसरमा घोडेपानी घुम्न आउने आन्तरिक पर्यटकलाई यहाँका सबै होटल तथा लजले खाजा, खाना र आवासमा १० प्रतिशतसम्म छुट दिएका छन् । म्याग्दीको सदरमुकाम बेनीबाट सवारी साधनमार्फत दैनिक एक सयको हाराहारीमा आन्तरिक पर्यटक घोडेपानी आएका छन्भने कास्कीको उल्लेरी, घान्द्रुक, म्याग्दीको मोहरेडाडा, पर्वतको भुक देउराली हुँदै पैदलयात्रा गरेर आउने पर्यटकहरूको सङ्ख्या पनि उल्लेख्य रहेको होटल व्यवसायीहरूले बताएका छन् ।
दशैँपछि धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रे हिमाल हेर्न आन्तरिक तथा बाह्य पर्यटकको भीड लागेको होटल सञ्चालक विरेन पुनले बताए । पुनहिलबाट आठ हजार मिटरभन्दा अग्ला मनास्लु, अन्नपूर्ण र धौलागिरि हिमालको दूरीमा पर्ने झन्डै २० भन्दा बढी हिमचुचुरालाई नजिकबाट नियाल्न सकिन्छ ।
धेरैजसो पर्यटक घान्द्रुक एवं अन्नपूर्ण बेसक्याम्प (एबिसी)बाट फर्कने तथा पोखराबाट घोरेपानी आएर घान्द्रुक र एबिसीतिर जाने गरेका होटल व्यवसायी पुनले जानकारी दिए । विश्वप्रसिद्ध चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएको घोरेपानी र पुनहिल क्षेत्रमा पर्यटकको चहलपहल बढ्न थालेपछि होटल व्यवसायी उत्साहित भएको उनको भनाइ छ ।
चक्रीय अन्नपूर्ण पदमार्गमा पर्ने पुनहिलबाट हिमशृङ्खला र सूर्योदयको सुन्दर दृश्यावलोकन गर्न पाइन्छ । घोरेपानीदेखि पुनहिलसम्म पुग्न पदमार्ग निर्माण गरिएको छ ।
समुन्द्री सतहदेखि दुई हजार आठ सय मिटर उचाइमा अवस्थित घोडेपानीमा रहेका २६ सानाठूला सुविधायुक्त होटलमा दैनिक एक हजार दुई सयजना पाहुना बास बस्ने क्षमता रहेको छ । प्याकेजमा प्रतिव्यक्ति एक हजार पाँच सय रुपैयाँदेखि पाँच हजार रुपैयाँसम्मका सुविधायुक्त कोठामा बास बस्न सकिन्छ ।
हिमाल, पहाडी भूगोल, सूर्योदय र गुराँसको जङ्गल अवलोकनका लागि म्याग्दीको अन्नपूर्ण–६ मा रहेको घोडेपानी पुनहिल क्षेत्र उपयुक्त गन्तव्य हो । समुद्री सतहदेखि तीन हजार दुई सय १० मिटर उचाइमा अवस्थित पुनहिल चक्रीय अन्नपूर्ण पदमार्गको उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा परिचित छ । म्याग्दी, मुस्ताङ, कास्की, लमजुङ र मनाङलाई समेटिएको अन्नपूर्ण संरक्षण क्षेत्र भ्रमण गर्न पछिल्लो समय सार्क राष्ट्रका पर्यटकलाई प्रतिव्यक्ति एक हजार रुपैयाँ र तेस्रो मुलुकका पर्यटकलाई प्रतिव्यक्ति तीन हजार रुपैयाँ शुल्क लिने गरिएको छ ।
घोडेपानी पुगेका धेरै पर्यटक हिमालपारिको पर्यटकीय जिल्ला मुस्ताङको प्रवेशद्वारका रूपमा चिनिएको म्याग्दीमा धौलागिरि र अन्नपूर्ण हिमाल आरोहण, प्राकृतिक तातोपानी कुण्ड, अन्नपूर्ण धौलागिरि, धौलागिरि सेञ्चुरी, धौलागिरि चक्रीय, धौलागिरि आइसफल, टोडके, रुप्से झरना,अन्धगल्छी, गलेश्वर, बेनी बजारलगायत विभिन्न धार्मिक, प्राकृतिक र ऐतिहासिकस्थलको भ्रमणमा पर्यटक पुग्ने गर्छन् । रासस

# ‘हामी गौशाला धर्मशालाका मोही हौँ हामीविरुद्ध जातीय विभेद गरियो’

*गत असोज १६ गते काठमाडौं जिल्ला अदालतले श्रीपशुपतिनाथ अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकास कोष) र मारवाडी सेवा समितिबीच विसं २०६० मा भएको धर्मशाला सञ्चालनसम्बन्धी सम्झौता खारेजी सदर गऱ्यो ।*

*त्यसपश्चात् काठमाडौं महानगरपालिका गत असोज २३ गते काठमाडौं महानगरपालिकाकाले गौशालास्थित मारवाडी सेवा समितिद्वारा सञ्चालित धर्मशाला खाली गराउन बल प्रयोग ग¥यो । त्यसक्रममा महानगर प्रहरी र मारवाडी सेवा समिति सदस्यहरुबीच धकेलाधकेल भयो । पशुपति विकास कोष र मारवाडी सेवा समितिबीचको किचलो अदालतको फैसलापश्चात् काठमाडौं महानगरसम्म पनि पुगेको छ । हाल उक्त विवाद तन्किँदै गइरहेको छ । समितिले तत्काल धर्मशाला सञ्चालनबाट पछि नहट्ने अडान कायम राखेको छ भने महानगर खाली गराइछाड्ने तयारीमा छ ।*



*यिनै विषयमा केन्द्रित रहेर मारवाडी सेवा समितिका अध्यक्ष प्रमोदकुमार अग्रवालसँग गरिएको संवादको सम्पादित अंश :*

**झण्डै ८ दशक लामो इतिहास बोकेको धर्मशालामा यहाँ अध्यक्ष भएकै पालमा यतिधेरै विवाद र किचलोमा आयो । कारण के हो यसको ?**

वि.सं. १९९७ मा तत्कालीन श्री ३ जुद्ध शम्शेरले हाम्रा पूर्वजहरुलाई बोलाइ यो गौशालामा धर्मशाला बनाइ सेवा कार्य गर्नका लागि यो जग्गा उपलब्ध गराउनुभयो । यहाँ आउने हिन्दू धर्मावलम्बीको सेवा होस् भन्ने उद्देश्यले यो जग्गा दिइएको थियो । त्यसबेलादेखि २–५ वटा कोठा राखेर हाम्रा पूर्वजले सेवा सुरु गरेका हुन् । पशुपतिनाथको क्षेत्रमा गाई हुनुपर्दछ, हिन्दू सनातन धर्म संस्कृतिको यो परम्परा हो । गौमाताको पालनपोषण हुनुपर्छ, गौसंरक्षण हुनुपर्छ भन्ने उद्देश्यले पशुपति गौशाला सुरुवात गरिएको हो । हामी त्यसैगरी अगाडि बढिरहेका छौँ । त्यसैक्रममा म चौथो पुस्ता भएँ । हामीलाई उहाँहरुले सिकाएका र धर्मसंस्कृतिले दिएका कुराहरुलाई अनुशरण गरिरहेका छौँ । हामीले त्यसैको निरन्तर प्रयासमा छौँ । तर जुन विवाद यसमा निम्तियो, त्यो बारम्बार आइरहेको हो । राम्रो काम गरेकाको नहोस् भन्ने स्थापित हाम्रो देशमा भइसकेको छ । हाम्रो देशलाई असफल बनाउने व्यक्तिहरुको सक्रियता बढिरहेको छ । त्यही क्रम हो यो बारम्बार पशुपति क्षेत्रमा आइरहने विवाद । यसलाई कसरी बिगार्ने, यो किन राम्रो होस् भन्ने तत्वहरु लागेका हुन् कि ! यो हामीले पनि बुझ्न नसकेको कुरा हो । मारवाडी सेवा समाज र कुनै पनि यहाँका कुनै पनि व्यक्तिले यहाँबाट एक सुक्का लाँदैनन् । हामीले हाम्रो र परिवारलाई पाल्ने काम हाम्रो व्यवसायबाट गरेकै छौँ । राज्यलाई पनि कर तिरेकै छौँ ।

मारवाडीहरुको र हिन्दू सनातनीहरुको परम्परा यही हो कि पहिले खाना पाकिसकेपछि पहिलो भाग गौमातालाई निकालेर राखिन्छ, त्यही परम्पराअनुसार हामीले यहाँ स्वयंसेवा गरिरहेका छौँ, कुनै तलब, भत्ता पनि लिएका छैनौँ । हाम्रा पुर्खाले २ कोठाबाट सुरु गरेको सेवा हामीले थप्दै यो स्थानसम्म पु¥याएका छौँ । थप्ने क्रममा दाताहरुसँग हात जोडेर १५ देखि २० करोड रुपैयाँको डायलासिस सेन्टर थपेका छौँ । ९० जनाको निःशुल्क डायलासिस गरिरहेका छौँ । धर्मशालाका कोठामा पनि सुधार्दै सुविधासम्पन्न बनाउँदै लगेका छौँ । आफ्नो समाजबाट सहयोग ल्याएर सञ्चालन गरेका छौँ । २५० काठमाडौँमा गाई पालिरहेका छौँ । धार्केमा ६२ रोपनी जग्गा किनेर गौसेवका लागि मात्रै गोठ राखेका छौँ । खेतीपाती केही गर्दैनौँ, गौमातालाई खुवाउने घाँसखेती मात्रै गरेका छौँ ।

**अहिले दुविधा भएको विषय नाम गौशाला छ, धर्मशाला सञ्चालनमा छ । धर्मशाला हो कि गौशाला हो कि? सुरुको सम्झौता के थियो ? कसरी दिइएको थियो ?**

त्यतिबेला सम्झौता गर्ने, कागजपत्र गर्ने, कम्पनी दर्ता गर्ने चलनै थिएन त्यसबेला । जग्गा नै दर्ता भन्ने हुन्थेन । जो बसेको छ उसैको जग्गा । २०२१ मा भूमि ऐन आएपछि जग्गाका कुरा भएका हुन् । यसैले सम्झौता भन्ने कुरा भएन । पहिले यहाँ गौशाला थियो, दुईटा कोठा थिए । शंकराचार्य महाराजको पशुपतिनाथको दर्शनका लागि सवारी हुँदा त्यो दुईटा कोठामा उहाँ बास बस्नुभयो । त्यसपछि मारवाडी समाजलाई बोलाएर उहाँले तपाईँहरु व्यवसाय गर्नुहुन्छ, यो दुई कोठाले भएन, विश्वका हिन्दू धर्मावलम्बी आउने यस ठाउँमा धर्मशाला बनाउनुप¥यो भनेपछि उहाँको आदेशलाई पालन गर्दै बढ्दै जाने क्रममा हामी यस स्थानसम्म आइपुगेका हौँ ।

गौशाला पनि चार गाईले भएन र क्रमिक रुपले बढाउनुस् र भगवान्को सेवाका लागि दूध पठाउने काम गर्नुस् भनेकाले त्यसबेलादेखि दूध पठाउने काम गर्नुस् भनेपछि त्यसलाई निरन्तरता दिँदै निःशुल्क भगवान् पशुपतिनाथका लागि दूध पठाउने काम गरिरहेका छौँ । त्यस क्रमलाई निरन्तरता दिँदै बढाउँदै अहिले हरेक दिन बिहान २९ लिटर दूध भगावन्को सेवाका लागि अर्पण गरेर पठाउँदै आएका छौँ । कृत्रिम खुट्टा पनि हामीले यस संस्थाबाट ६ हजार बढी बालबालिकालाई दिएका छौँ । यसरी व्यववस्थित रुपमा सञ्चालन गरिएको गैरनाफामूलक संस्थाका सबै संयन्त्र हाम्रो समाज र अन्य व्यक्तिहरुबाट सम्पूर्ण रुपले सहयोगमा निर्मित र सञ्चालित सेवाका लागि सञ्चालित छ । यस्तो अवस्थामा हामीलाई आजै ५ बजे निस्किहाल् भनेर माइकिङ गरेर निकाल्न खोजियो । के नाजायज र अनैतिक काम गरेका थियौँ हामीले ? हामीमाथि अनुगमन गर्ने तीनै तहका सरकार, पशुपति विकास कोषलाई अनुगमन गर्ने अधिकार छ नि । अनुगमन गरेर हामीले गरेको कुनै काम अवैधानिक भए त्यसमा एक्सन लिएको भए भैहाल्थ्यो ।

अहिले जो कारबाही गर्दै हुनुहुन्छ उहाँले पनि प्रशंसा गरेको हो । तर हामी यो जग्गाको मोही हो । कुनै सम्झौताले सञ्चालनको अधिकार प्राप्त होइन । हाम्रो सञ्चालन गरेको अधिकार १९९७ सालदेखि छ । मोही पूर्जाहरु छन् । जग्गाधनी गुठी संस्थान हो, पशुपति गौशाला मोही हो । २०४५÷४६ सालतिर गुठी संस्थानको जग्गाधनी नामबाट पशुपति विकास कोषको पशुपति अमालकोट कचहरी नाममा जग्गाधनीमा आएको हो । जग्गाधनी पशुपति अमालकोट कचहरी भइसकेपछि कचहरीले आफ्नो मोहीलाई मोहीपूर्जा वितरण गरेको छ र मोही पुर्जा हामीलाई दिएको छ ।

उहाँहरुको ढड्डामा ८३७ नम्बर हाम्रो मोही लागत रहेको छ । त्यो मोहीबापतको बाली पशुपति विकास कोषका मोहीले जग्गाधनीलाई बुझाउनुपर्ने भएकाले कोष गठन हुनुभन्दा पहिला कचहरीमार्फत मूलभट्टले बुझ्नुपर्ने अधिकार उहाँहरुलाई थियो । उहाँले नै त्यसको रेखदेख गर्ने र उहाँकै नेतृत्वमा सबै व्यवस्था रहन्थ्यो । सबै जग्गाको बाली उठाउने, कोत उठाउने हर हिसाब अड्डाले राख्थ्यो र उठाउने उहाँले नै हो । हामीले बारम्बार उहाँलाई बुझाएका सबै कागजात हामीसँग छन् । पशुपति विकास कोष गठन भएपछि पशुपति मालकोत कचहरीलाई मोहीले जग्गाधनीलाई बुझाउने बाली, भूबहाल या कूत त्यो हामीले बुझाएका छौँ । ती प्रमाण हामीसँग छन् । उहाँहरुले बुझ्नुभएको छ । विवाद भएर उहाँहरुले बुझ्न नमानेको कतिपय बेलामा हामीले बैंक खातामा बुझाएका छौँ । २०८१÷८२ सम्मको भूबहाल, बालीबापतको रकम उहाँहरुको दररेटअनुसार बुझाइसकेका छौँ ।

**मारवाडी सेवा समिति २०५८ सालमा दर्ता भयो, त्यही संस्थाले पचासौँ वर्षअगाडिको जग्गालाई मोही दाबी कसरी गर्न सक्छ भन्ने कुरा उठेको छ नि ?**

भूमि ऐन २०२१ मा आयो । संघसंस्था दर्ता ऐन २०३४ सालमा आयो । मारवाडी सेवा समाजको जनम २०१० मा भयो । संस्था दर्ता भएपछि हाम्रा पुर्खाले संगठित भएर २०११ सालमा सोही संस्थाका नाममा जग्गा किने । उहाँहरुले मारवाडी सेवा समिति २०६७ सालमा भयो भन्नुहुन्छ त्यो त उहाँहरुको कुरा भयो नि ।

कोषै विभिन्न कागजातमा, अन्य सरकारी अड्डाहरुका कागजातमा मारवाडी सेवा समाज हुँदै समिति भएको भन्ने उहाँहरुले नै उल्लेख गरेको कुरा हो यो । मारवाडी सेवा समितिको नाममा सञ्चालित पशुपति धर्मशाला गौशाला मोही हो भन्ने उहाँहरुले नै स्वीकार गरेको कुरा हो । उहाँहरुले प्रमाणित गरेको हो । यसमा विवाद गर्नुपर्ने कुरा नै के छ ? विवाद झिक्नेले त जेमा पनि विवाद झिक्छ, म प्रमोद अग्रवाल होइन भनेर पनि झिक्न सक्छ नि ।

**विकास कोष र नागरिक उड्डयन मन्त्रालयले लगाएको आरोप चाहिँ यो जुन संरचना बन्यो यो अलि बढी व्यावसायीकरण गरिएको हो कि भन्ने छ । जस्तो सटर राखेर भाडामा लगाउने, यता अस्पताल खोल्नेलगायत देखियो नि । यसमा के भन्नुहुन्छ ?**

बहाना बनाउन त्यो एउटा कारण हुनसक्ला । तर बाहिर पसल केका छन् त्यो पनि हेरिदिनुप¥यो । त्यहाँ साँच्चिकै व्यवसायिक प्रयोजनले नाफा कमाउन भाडामा दिएको पसल छन् कि छैनन् पनि हेरिदिनुप¥यो । २०६०÷१२÷२ को सम्झौतामै एक बुँदामा उल्लेख गरिएको छ निषेधित गरिएका मांसमदिराका पसल राख्न नपाउने । यसको अर्थ अरु पसल त राख्न पाइयो नि ? अनि हामीले निषेधित गरिएका राखेका छौँ कि ? यहाँ ४००–५०० जना तीर्थयात्रु बस्छन्, ती यात्रुलाई चाहिने आधारभूत सामानहरुको पसल त्यहाँ रहेको छ ।

साबुन, मञ्जन, ब्रस, दाह्री काट्ने मेसिन, चियानास्ता, ट्राभल एजेन्सी आदिइत्यादि रहेका छन् । ती पसलहरु छन् । त्यहाँ भित्र भोजनालय छ । भोजनालयले ती यात्रुलाई खाना त खुवाउनुप¥यो नि । भोजनालयले ती यात्रुलाई मात्रै होइन, बाहिरबाट आएका मानिसहरुलाई पनि खाना खुवाउँछ । १२० रुपैयाँमा शुद्ध शाकाहारी खाना पेटभरि खाने अवस्था हुनुमा हामीलाई गर्वबोध हुन्छ । यही क्षेत्रमा डेरा लिएर बस्ने राजनीतिक व्यक्तित्वहरुको पनि यो नियमित खाना खाने ठाउँ हो । उहाँहरु सांसद÷मन्त्री पनि हुनुभयो । मन्त्री भएपछि आएर त्यहाँ खाना पकाउनेहरुलाई धेरै राम्रो खाना खुवाउने गरेको भनेर पुरस्कृत गरेको उदाहरण पनि छ । त्यस्तो अवस्था छ । अन्य सर्वसाधारण पनि खान्छन् । हामीले बसमा आउने तीर्थयात्रुका लागि निःशुल्क बाथरुम बनाएका छौँ । मेलाहरुको बेलामा ५०० जना महिलापुरुष बाथरुम प्रयोग गर्नुहुन्छ । आफ्नो खाना पकाउने सामान बोकेर आउनेहरु खाना पकाउनुहुन्छ, खानुहुन्छ त्यसको कुनै शुल्क लाग्दैन । बरण्डा, चउर, आगनमा जो आएर बस्दा पनि निःशुल्क छ । मेलापर्वमा पाल हालेर निःशुल्क बसाउने गरेका छौँ । यसको जोहो सटर भाडाबाट हुन्छ । राज्यलाई १० प्रतिशत तिरेर भाडाबाट ३–४ लाख आउँछ ।

धर्मशालामा बस्नेहरुबाट हामीहरु न्यूनतम शुल्क लिन्छौँ, निःशुल्क गरे व्यवस्थित हुँदैन । निर्माण, कोठा रङरोगन, सरसफाइ, ४०–५० जना कर्मचारीलाई तबल सुविधा त्यही रकमबाट प्रयोग गर्ने गरेका छौँ । तथापि, यो संस्था सञ्चालनका लागि हरेक वर्ष शुल्क अभाव हुने गरेको छ । त्यसका लागि सहयोग लिएर सञ्चालन गरेका छौँ । घटीमा पनि ४०–५० लाख रुपैयाँ सहयोग हाम्रो समाजबाट यस संस्था सञ्चालनका लागि सहयोग प्राप्त हुँदै आएको छ ।

**आठ दशकभन्दा बढी यहाँहरुले सञ्चालन गरिसकेपछि यसलाई अब नयाँ शिराबाट सञ्चालन गरौँ भन्ने राज्यले सोचेको हो कि त ?**

दुई/तीन वर्षअघिसम्म यस्ता कुरा थिएनन् । पछिल्लो समयमा जुन जातिय उद्मादको वातावरण देखियो जातिमा विवेद ल्याउने रंगभेदको विभेद ल्याउने लगायत वातावरण सिर्जना गरियो । आफ्नो निजी स्वार्थका लागि, आफ्नो कुनै स्वार्थपूर्तिका लागि यो वातावरण बनाइयो । तर यसले देशलाई कति ठूलो हानीमा पु¥यायो । बैंकको ऋण लिएको पैसा तिर्नुपर्दैन भनेर फलानो समाजलाई देश बाहिर पठाउनुपर्छ भनेर वितृष्णा फैलाइयो । के मारवाडी समाज यहाँको नागरिक होइन ? यो राष्ट्र हाम्रो होइन ?

हामी यो राष्ट्रको भन्नुपर्दा हाम्रो खुन पसिना यहीँ बगेको छ । कोही जाति २०० वर्ष पहिले आए यहाँ, कोही ३०० वर्ष पहिले आए । यहाँको मूल कुरा गर्ने हो भने नेवार मात्र हो नि, हामी सबै बाहिरबाट आएका हौँ । नेवार पनि कतै बाहिरबाट आएको होला नि कुनै कालखण्डमा । हामी पश्चिमको धर्तीपुत्र आदिवासी त राना थारु हो, यहाँको आदिवासी नेवार हो । के हामी सबै बाहिरिया भएनौँ ? अनि यसरी डिबेट गर्न पाइन्छ ? हाम्रो संविधानमा स्पष्ट रुपमा जातजाति, वर्ण, रङका आधारमा विभेद गर्न नपाउने स्पष्ट छ । विभेद दण्डनीय अपराध हो । अनि यो दण्डनीय अपराध हो कि होइन? अहिले हाम्रै अगाडि आएर ‘......चोर, देश छोड’ भनेर जुन नारा लगाइँदै छ, त्यो जातीय अपराध हो कि होइन ? ती व्यक्तिलाई राज्यले कारबाही गर्नुपर्दैन ? जातजातिको विभेदले हामीले देखेका छौँ, ती देशको के हबिगत भएको छ हामीले देखेका छौँ । के त्यही जातिय हिंसातर्फ लान खोजिएको हाम्रो देशलाई ? अहिले मारवाडी समुदायमाथि आरोप लागेको छ । भोलि त्यस जातमाथि पनि आरोप लाग्दैन भन्ने के ग्यारेन्टी छ ?

अहिले धार्मिक उन्मादको हद के हुँदैछ हामीले देखेका छौँ । संविधानमा धर्मनिरपेक्ष भनिए पनि ९० प्रतिशतभन्दा बढी हिन्दू समुदाय (२०७८ को जनगणनाअनुसार ८१.१९ प्रतिशत) रहेका छौँ । संविधानमा एउटा व्यवस्था भयो ठीक छ, हामी त हिन्दूहरुको बाहुल्य भएको देश हो । पशुपतिनाथ हिन्दूहरुको परिवारको क्षेत्र हो । यहाँ चर्च बनाउन पाइन्छ? अन्य धर्मावलम्बीको चिहान बनाउन पाइन्छ? हिन्दूबाहेक प्रवेश निषेध लेखेर राखेका छौँ । भगवान् पशुपतिनाथको जग्गा धर्मशाला होइन, गौशाला होइन, यो मन्दिर हो । मन्दिरको क्षेत्र हो । त्यो संस्थालाई विभिन्न बहानामा बिगार्न खोजिएको छ । धार्मिक आक्रमण भइरहेको छ ।

**राजनीतिक गन्ध पनि आउँछ यो विवादमा ?**

म राजनीतिक व्यक्ति होइन, साधारण भोटर हुँ । निमुखा व्यक्तिमध्ये एक हुँ । तर गन्ध त कहीँ न कहीँ केही छ । किनभने व्यवस्था फाल्न लागेको शक्ति हामीले देखेका छौँ । हामीले कति संविधान र व्यवस्था हुँदै यहाँसम्म आएका हौँ । उहाँहरुले फेरि यो चलखेल गरेको हो कि! यसबाट सचेत हुनलाई सचेत नागरिकलाई अनुरोध गर्न चाहन्छु ।

**अदालतमा मुद्दा विचाराधीन छ । योसँग प्रत्यक्ष सरोकार राख्ने पशुपति विकास कोष र स्थानीय तहले समय परिवेशअनुसार परिवर्तन गरौँ भन्ने कुरा पनि आइरहेको छ, त्यस्तो हो कि ?**

धर्मशालामा पशुपति विकास कोष र हामीबीच मात्रै सरोकार हो । तेस्रो पक्षको कुरा छैन । बालेन शाह स्थानीय सरकारको नेतृत्वमा हुनुहुन्छ हो, मेयरसाप हाम्रो अभिभावक हो । यसमा हाम्रो चित्त दुखाइ उहासँग यति मात्रै हो कि, हामी पनि उहाँका फलोअर्स नै हो । हाम्रो सहयोग छ । यो संस्था पनि कहीँ न कहीँ उहाँकै क्षेत्रको संस्था हो । पशुपति विकास कोष र मारवाडी सेवा समितिबीच विवाद भएपछि उक्त विवाद उहाँकहाँ पुऱ्यायो ।

त्यसपछि उहाँले हामीलाई बोलाएर हाम्रो पक्ष पनि सुनिदिनुपथ्र्यो । उहाँसँग हाम्रो अपेक्षा यो थियो । यसो हुँदा समस्याको समाधान त्यहीँ हुन्थ्यो । उपमेयरज्यूलाई न्यायिक अधिकार दिइएको छ । हामीलाई त्यहाँ राखे हुन्थ्यो । हाम्रो उद्देश्य त यो संस्था राम्रोसँग चलोस् भन्ने हो नि । महानगरले तीर्थयात्रीलाई सेवा नै गर्न खोजेको हो भने वनकाली धर्मशाला छ, विकास बोर्डले संरक्षण गर्न नसकेर भताभुंग भएको त्यो अवस्था हाम्रै अगाडि छ । महानगरपालिका त्यहाँ पुगेर यहाँभन्दा राम्रो गरे भयो नि । तर सेवा भइरहेको ठाउँमा किन आउने ? हामीलाई किन निकाल्न पऱ्यो र ?

**भविष्यमा स्थानीय निकायले छोड्दै छोडेन र तपाईँ हटिदिनुस् हामी चलाउँछु भन्यो भने त्यस अवस्थामा अवस्था के हुन्छ ?**

हाम्रो माग नै त्यही हो । न्यायपालिकामा छ यो मुद्दा अहिले । न्यायपालिकाबाहिर हामी छैनौँ । संविधानले तीन तहको न्यायपालिकाको व्यवस्था गरेको छ, न्यायको अन्तिम निरुपण हुनुप¥यो । जिल्ला अदालतले असोज १६ गते गरेको फैसलाको पूर्णपाठ आएकै छैन । हामीले त्यो फैसला हेर्न पाएकै छैनौँ । पूर्णपाठ आओस्, पूर्णपाठ आएपछि त्यसमा के भनिएको छ हामी हेर्छौँ । ३५ दिनभित्र त्योभन्दा माथि जाने हामीलाई अधिकार छ, हामी त्यो प्रक्रियामा जान्छौँ । त्यति कुरिदिऊँ । न्यायलयले बोलेको कुरा हामी मान्न तयार छौँ, र सबै पक्षले यो मान्छ भन्ने हाम्रो अपेक्षा छ ।

हामी व्यापारी समुदाय हौँ, आन्दोलन गर्ने समूह होइनौँ । हामी कसैसँग लड्न जाँदैनौँ, हाम्रो स्वभाव नै छैन । हामीलाई नगरप्रहरीले जबर्जस्ती बल प्रयोग गरेर बाहिर निकाल्यो । हाम्रा साथीहरुको हातखुट्टामा चोट लाग्यो । हामी अदालतको निर्णय मान्छौँ । अन्तिम निरुपण भनेको सर्वोच्च हो । हामी प्रक्रियामा जान्छौँ । हामीले भनेको यति मात्रै हो । आर्थिकन्यूज

# श्री शिरडी साई बाबा मन्दिर सेवा ट्रष्टको वार्षिक उत्सव मनाइयो



**मधेशदृष्टि**
**वीरगंज**

वीरगंजमा अवस्थित श्री शिरडी साई बाबा मन्दिर सेवा ट्रष्टको छैठौं वार्षिक उत्सव मंगलबार धुमधामका साथ मनाइएको छ । वीरगंजको गीतामन्दिर रोडकमा अवस्थित श्री शिरडी साई बाबा मन्दिर सेवा ट्रष्टको छैठौं वार्षिक उत्सव मनाउने क्रममा मंगलबार बिहान पालकी शोभा यात्रा निकालिएको थियो । मन्दिर अगाडिबाट निकालिएको पालकी शोभा यात्रा माईस्थान, आदर्शनगर, अलखीयामठ चोक, घडिअर्वा पोखरी हुँदै पुन मन्दिरमा फर्किएको थियो । त्यसपछि मन्दिरमा पूजाअर्चना, जोत कार्यक्रम सम्पन्न गरिएपछि भक्तजनहरुलाई महाप्रसाद वितरण गर्नुका साथै भण्डारापनि सञ्चालन गरिएको शिरडी साई बाबा मन्दिर सेवा ट्रष्टका अध्यक्ष हिरा साह कानुले जानकारी दिए । महाप्रसाद वितरणपछि मन्दिर पसिरमै सत्संग एवम् भजनकीर्तनको पनि आयोजना गरिएको थियो । ट्रष्टका अध्यक्ष कानुले वीरगंजमा अवस्थित शिरडी साई बाबा मन्दिर सेवा ट्रष्टले आफनो स्थापनाको हरेक वर्ष वार्षिक उत्सव धुमधामकासाथ मनाउँदै आएको बताए ।

# पोलियो जोखिम कायमै




**मधेशदृष्टि**
**वीरगंज ।**

नेपालमा पोलियो उन्मुलन भएपनि अझै जोखिम भने कायमै रहेको चिकित्सकहरुले बताएका छन् । पोलियो भाईरस विरुद्ध जनचेतना जगाउनका लागि रोटरी क्लब अफ वीरगंज र रोट्र्याक्ट क्लब अफ मेट्रोपोलिसले मंगलबार आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा चिकित्सकहरुले सो कुरा बताएका हुन् । कार्यक्रममा नेपाल चिकित्सक संघका उपाध्यक्ष तथा मधेश प्रदेश संयोजक डाक्टर निरज सिंहले पोलियो उन्मुलन भयो भनेर ढुक्क हुनुपर्ने अवस्था नरहेको बताए । उनले पोलियोको बारेमा व्यापक जनचेतना फैलाउनु पर्ने र यसमा सञ्चार माध्यमहरुको महत्वपूर्ण भूमिका रहने बताए । कार्यक्रममा डाक्टर आनन्द झाले मानिसहरुको आवतजावतका कारणले पनि पोलियो भाईरस संक्रमणको जोखिम हुने डाक्टर झाको भनाई थियो ।

त्यस्तै डाक्टर मनोज गुप्ताले पोलियो जस्तो अत्यन्त जोखिमयुक्त भाईरसबाट बचाउनका लागि विश्व स्वास्थ्य संगठन र नेपाल सरकारले नेपाली नागरिकमाथि गरिरहेको लगानीलाई खेर जान नदिन सबैले आ–आफ्नो ठाउँबाट भूमिका खेल्नुपर्नेमा जोड दिए । कार्यक्रममा पोलियो उन्मुलन सम्बन्धी जनचेतनाका लागि सञ्चार माध्यमहरुले पनि निःशुल्क प्रचार प्रसार गर्ने प्रतिबद्धता जनाएका छन् । रोटरी क्बल अफ वीरगंज र रोट्र्याक्ट मेट्रोपोलिसका अध्यक्ष अनिल जयसवालको संयुक्त अध्यक्षतामा भएको कार्यक्रममा रोटरी क्लबका पूर्व अध्यक्ष अभिषेक चौधरीले पोलियो उन्मुलनका लागि रोटरी क्लबले नेपाल सरकारसँग सहकार्य गरेर काम गरिरहेको जानकारी दिए ।

# करारका मेडिकल अधिकृतहरू आन्दोलित

**मधेशदृष्टि**
**सर्लाही ।**

जिल्लाको मलंगवास्थित प्रादेशिक अस्पतालमा कार्यरत छात्रवृत्ति करारका मेडिकल अधिकृतहरू तलब नपाएपछि आन्दोलित बनेका छन् । विगत तीन महिनादेखि तलब नपाएपछि मेडिकल अधिकृतहरू आन्दोलित बनेका हुन् । कात्तिक १ गतेदेखि नै आन्दोलित उनीहरू कात्तिक ६ गतेबाट इमरजेन्सी र आइसियु सेवा पनि ठप्प पारेका छन् । डाक्टर नै आन्दोलित बनेपछि उपचार सेवा प्रभावित बनेको छ । प्रादेशिक अस्पताल मलंगवामा कार्यरत डा. अमित ठाकुरले दशैं जस्तो महापर्वमा समेत तलब नपाएको गुनासो गरे । मधेश प्रदेशका विभिन्न अस्पतालमा सयौं छात्रवृत्ति करारका मेडिकल अधिकृतहरू कार्यरत छन् । उनीहरू कोही तलब पाएका छैनन् । तलब नपाएपछि सेवा ठप्प पारेर मेडिकल अधिकृतहरू मंगलबार जनकपुरधामस्थित मधेशका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय आएका छन् । मन्त्री शत्रुधन प्रसाद सिंहलाई ज्ञापनपत्र बुझाउँदै उनीहरू तत्काल तलब उपलब्ध गराउन माग गरेका छन् । अहिलेसम्मको बाँकी तलब र अगामी महिनाको भुक्तानी मसान्तभित्रै आउने सुनिश्चित नभएसम्म आन्दोलन जारी राख्ने आफूहरूको माग रहेको डा. ठाकुरको भनाई छ ।

# क्रिकेट मैदान स्तरोन्नति गरिँदै



**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंजस्थित नारायणी रङ्गशाला परिसरमा अवस्थित क्रिकेट मैदान स्तरोन्नति सुरु गरिएको छ । वर्षौंदेखि मर्मतसम्भार र संरक्षण अभावमा रहेको मैदानको स्तरोन्नति थालिएको हो । नेपाल क्रिकेट सङ्घले आगामी डिसेम्बरदेखि जनवरीसम्म मधेश प्रदेशको जनकपुर र वीरगंजमा दुई दिवसीय एलिट कप क्रिकेट प्रतियोगिता गर्ने तयारी गरेसँगै वीरगंजको क्रिकेट मैदान पिच तथा स्तरोन्नतिको काम अघि बढाइएको हो । एलिट कपमा मधेश प्रदेश, बागमती, नेपाल पुलिस र त्रिभुवन आर्मी क्लबले प्रतिस्पर्धा गर्नेछन् । पर्सा क्रिकेट सङ्घका अध्यक्ष मनिष सिंहले सम्भावित एलिट कपलाई लक्षित गरेर वीरगंज क्रिकेट मैदानको स्तरोन्नति थालिएको जानकारी दिए । ‘वीरगंज क्रिकेट मैदान लामो समयदेखि अलपत्र हुँदै आइरहेको थियो । एलिट कपको पूर्वसन्ध्यामा कम्तीमा क्रिकेट मैदानमा अन्तर्राष्ट्रियस्तरको ‘पिच’ निर्माण थालनी गरेका छौँ,’ उनले भने, ‘मङ्सिरको दोस्रो सातासम्म क्रिकेट मैदानको पिच र अन्य संरचना निर्माण हुन्छ ।’

नेपाल क्रिकेट सङ्घमा आवद्ध बङ्गलादेशका क्युरेटर एमडी अब्दुल अल मनुको नेतृत्वमा क्रिकेट मैदानमा पिच तयार पार्ने काम भइरहेको छ । ‘मैदानमा १८ इन्चको गहिरो बनाएर पिच निर्माण भइरहेको छ’, उनले भन्नुभयो, ‘अहिलेसम्म पिचको फाउण्डेसन तयार भइसकेको छ । यो मैदानमा अन्तर्राष्ट्रियस्तरकै पिच बन्ने छ ।’ क्रिकेट सङ्घका जिल्ला अध्यक्ष सिंहले पिच तयारसहित स्तरोन्नति गर्न मजदूरको ज्यालाबाहेक आठ लाख रुपैयाँ खर्च हुने जानकारी दिए । मैदान चार बिघा १८ कठ्ठा १५ धुर क्षेत्रफलमा फैलिएको छ । अध्यक्ष सिंहले क्रिकेट मैदान मुआब्जा विवाद र बजेट अभावका कारण संरक्षण गर्न नसकिएको गुनासो गरे । ‘चार कठ्ठा जग्गाको मुआब्जा प्रक्रिया अघि बढाउन नसक्दा क्रिकेट मैदान संरक्षण र रेखदेख गर्न सकिरहेका छैनौँ’, उनले भने, ‘मुआब्जाका लागि आर्थिक स्रोत र आवश्यक प्रक्रिया अघि बढाउन जरुरी छ ।’ मधेश प्रदेश क्रिकेट सङ्घका सचिव आयुष श्रेष्ठले मधेश क्रिकेटको उर्वरभूमि भए पनि पूर्वाधार कमजोर रहेको बताए । उनले राज्यले मधेश प्रदेशमा क्रिकेटको पूर्वाधार विकासमा जोड दिनुपर्ने बताए । रासस

# मधेश र कोशी प्रदेशबाट ८४ जनाको उद्धार

**मधेशदृष्टि**
**वीरगंज ।**

मेची–महाकाली राष्ट्रिय उद्धार यात्राको आठौँ दिनसम्म कोशी र मधेश प्रदेशबाट ८४ जना सडकमा आश्रित मानवको उद्धार गरिएको छ । मानव सेवा आश्रम र आनी छोइङ डोल्मा फाउण्डेशनले अघि सारेको मेची–महाकाली राष्ट्रिय उद्धार यात्राको प्रधानमन्त्री केपी शर्मा ओलीले गत असोज २६ गते प्रधानमन्त्री निवास बालुवाटारबाट शुभारम्भ गरेका थिए । उद्धारकार्य भने यही असोज २८ गतेदेखि मेचीपुलबाट थालनी गरिएको थियो । मानव सेवा आश्रमका अध्यक्ष रामजी अधिकारीले मेची– महाकाली राष्ट्रिय उद्धार यात्राको आठौँ दिन सोमबारसम्म आइपुग्दा कोशी र मधेश प्रदेशमा गरेर ८४ जना सडकमा आश्रित मानवको उद्धार गरेको जानकारी दिए । ‘मेचीपुलबाट यात्रा थालेको उद्धार यात्रा आठौँ दिनसम्म कोशी र मधेश प्रदेशमा सकाएका छौँ । कोशी प्रदेशबाट ४४ जना र मधेश प्रदेशबाट ४० जनाको उद्धार गरेका छौँ’, उनले भने, ‘मङ्गलबारदेखि भने बागमती प्रदेशमा रहेकाहरूको उद्धारकार्य अघि बढाइनेछ ।’



अध्यक्ष अधिकारीले कोशी र मधेश प्रदेशका उद्धार गरिएका सडकमा आश्रित मानवहरूलाई सरसफाइ र औषधोपचारपछि सोही प्रदेशमा रहेका मानव सेवा आश्रमका सेवा केन्द्रमा राखिएको जानकारी दिए । ‘अभियानको आठौँ दिन सोमबार वीरगञ्ज र सर्लाहीको हरिवनबाट तीन–तीनजना सडकमा आश्रितहरूको उद्धार गरेका छौँ’, उनले भने, ‘रौतहटको चपुरबाट भने चार जनाको उद्धार गरिएको छ ।’

मानव सेवा आश्रम वीरगंजका अभिभावक परिवारका सहसंयोजक प्रकाश थारूले उद्धार यात्राअन्तर्गत सोमबार वीरगंजबाट सडकमा आश्रित तीन जनाको उद्धार गरिएको जानकारी दिए । ‘वीरगंजको सडकमा बेवारिसे अवस्थामा आश्रित रहनुभएका तीन जनाको उद्धार गरेका छौँ’, उनले भने, ‘लामो समयदेखि सडकमै बसोबास गर्नुभएकाले अहिले राम्रो आश्रमस्थल पाउनुभएको छ, यो निकै सुखद् कुरा हो ।’

मानव सेवा आश्रम वीरगंजका अभिभावक परिवारका संयोजक हरि गौतमले मानवसेवा आश्रम वीरगंजमा अहिले ५४ जनाले आश्रयस्थल पाउँदै आएको जानकारी दिए । ‘आश्रममा बसोबास गर्नेलाई ठाउँ अभावले गर्दा नयाँ भवन निर्माणको काम अघि बढाइरहेका छौँ’, उनले भने, ‘भवन निर्माण गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायको सहयोग प्राप्त भए पनि आश्रम व्यवस्थापन र सञ्चालनमा रकमको अभाव भएको छ ।’

मानवसेवा आश्रमले सातै प्रदेशका १९ वटा जिल्लामा २५ वटा सेवा केन्द्र विस्तार गरेको छ । अहिले मानव सेवा आश्रममा एक हजार सात सय ९७ जनाले आश्रय लिँदै आइरहेका छन् । आश्रमले विगत १२ वर्षको अवधिमा १० हजार चार सय ९७ जनाको सडकबाट उद्धार गरेको जनाएको छ । जसमध्ये चार हजार एक सय ४६ जनाको पारिवारिक पुनःमिलन गराएको छ । त्यस्तै एक हजारभन्दा धेरै भारतीय नागरिकलाई पनि पारिवारिक पुनःमिलन गराएर घर पठाएको छ । त्यस्तै पाँच जना बङ्गलादेशी नागरिकलाई पनि पारिवारिक मिलन गराइसकेको छ । आश्रममा रहेका एक हजार तीन सय ३७ जनाको भने मृत्यु भइसकेको छ ।

आश्रमका अध्यक्ष अधिकारीले सडकबाट उद्धार गरिएकामा ६० प्रतिशत मानसिक समस्या देखिएकाले पनि औषधोउपचार र अन्य व्यवस्थापन गर्न आर्थिक चुनौती कायमै रहेको गुनासो गरे । ‘यो पटकको चाडपर्वमा कसैले बस्न नपरोस् सडकपेटीमा’ भन्ने भावनासहित अभियान अघि सारेको हो । ३२ दिनसम्म सञ्चालन हुने उद्धार यात्रामा वरिष्ठ गायिका तथा समाजसेवी आनी छोइङ डोल्मा र मानवसेवा आश्रमका संस्थापक÷केन्द्रीय अध्यक्ष अधिकारीसहित ४७ जना यात्रीहरूको सहभागिता छ । यो अभियान यही कात्तिक २८ गते काठमाडौँको प्रज्ञा प्रतिष्ठानमा समापन गरिने जनाइएको छ । रासस

# ‘मैथिली’ र ‘नेपाल भाषा’ अनुवादकको अभिमुखीकरण

**मधेशदृष्टि**
**काठमाडौँ ।**

‘राष्ट्रिय समाचार समिति मातृभाषा समाचार सेवा’ अन्तर्गत ‘मैथिली’ र ‘नेपाल भाषा’ का अनुवादकलाई रासस समाचार सेवाका साथै यसको कार्यप्रकृतिलगायत विषयमा प्रशिक्षण दिइएको छ ।

गत पुसदेखि मातृभाषा सेवाअन्तर्गत ‘अवधी’ समाचार सेवा सञ्चालन गरिरहेको राससले देशमा नेपालीपछि अधिक बोलिने ‘मैथिली’ र आठौँ स्थानमा रहेको ‘नेपाल भाषा’ समाचार सेवा औपचारिक रूपमा यही कात्तिक ४ गतेदेखि सुरु गरिसकेको छ । परीक्षण प्रकाशनका रूपमा भने गत असोज २९ गतेदेखि मौजुदा जनशक्तिबाट नै ती भाषामा समाचार सेवा प्रारम्भ भएको थियो । रासस केन्द्रीय कार्यालयमा मंगलबार नेपाल भाषाका लागि नियुक्त नरोत्तम बज्राचार्य र पौभा डङ्गोल तथा मैथिली भाषाका गजेन्द्रकुमार राय र मृदाङ्का सलोनीलाई राससको इतिहास र परिचय, रासस समाचार सङ्कलन, सम्पादन र सम्प्रेषण, मातृभाषा पत्रकारिता र राससको दायित्व, रासस सेवा र प्रशासन तथा मैथिली र नेपाल भाषा अनुवाद र सम्पादनबारे क्रमशः महाप्रबन्धक सिद्धराज राई, नायब महाप्रबन्धक सोमनाथ लामिछाने र श्यामप्रसाद रिमाल, प्रशासन प्रमुख शीतलप्रसाद महतो, कार्यकारी अध्यक्ष धर्मेन्द्र झा र नायब महाप्रबन्धक राजु शाक्यले प्रशिक्षण दिएका थिए ।

त्यसअघि कार्यक्रम उद्घाटनका अवसरमा अध्यक्ष झाले पहिलो पुस्ताका मातृभाषी अनुवादकहरूलाई व्यावसायिकताका साथ राससमार्फत सम्बन्धित समुदायको पहिचान, संस्कृति र भाषा जगेर्नामा लाग्न आग्रह गरे ।

उनले भने, ‘केही भाषाहरू लोप हुँदै गएकामा विश्व नै चिन्तित छ, त्यसबाट सम्बन्धित भाषाका ज्ञान र संस्कृति पनि लोप हुनु चिन्ताको विषय हो, रासस कर्मीले पत्रकारिता र भाषाको विकाससँगै ज्ञान, संस्कृति र समाज विकासका साथै प्रसारमार्फत योगदान गर्नुपर्छ ।’ उनले रासस मातृभाषा सेवामार्फत भाषा विकास अभियान पनि थाल्न तथा यसको प्रचारप्रसार र बजारीकरण गर्न रासस मातृभाषा जनशक्तिलाई निर्देशन दिए ।

महाप्रबन्धक राईले राससको उत्तरदायित्व राज्य र समुदायहरूसँग पनि रहेको जनाउँदै संस्थाको गौरवमय इतिहास बुझेर काम गर्नुपर्नेमा जोड दिए । उनले भने, ‘मातृभाषाका नयाँ जनशक्तिले आफ्नो आत्मविश्वास बढाउनुपर्छ, तपाईँहरू सधैँ जिज्ञासु र अध्ययनशील हुनुहोस् र राससको छवि उजिल्यान योगदान दिनुहोस् ।’ सरकारको सयदिने लक्ष्यअन्तर्गत राससले नयाँ दुई भाषाका समाचार सेवा प्रारम्भ गरेको हो । यसैअनुसार नेपाल टेलिभिजनले पनि नेपाल भाषा, रेडियो नेपालले दनुवार र गोरखापत्रले रानाथारू भाषाका समाचार ‘बुलेटिन’प्रसारण एवम् प्रकाशन आरम्भ गरेका छन् ।

# माइकिङद्वारा सवारी सुरक्षा सम्बन्धी सचेतना

**मधेशदृष्टि**
**वीरगंज ।**

ट्राफिक प्रहरी कार्यालय पर्साले वीरगंज महानगर क्षेत्रमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै माइकिङद्वारा सवारी सुरक्षा सम्बन्धी सचेतना गराउने कार्य सुरु गरेको छ । मंगलबारदेखि सुरु भएको अभियान १५ दिनसम्म महानगरभित्र सञ्चालन गरिने ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख प्रहरी निरीक्षक लोकराज भट्टले जानकारी दिए । त्यसपछि पर्सा जिल्लाका अन्य क्षेत्रमा पनि कार्यक्रम विस्तार गरिने योजना छ । माइकिङ अभियान अन्तर्गत सवारी चालक र सर्वसाधारणलाई सडकको सुरक्षित प्रयोगका विभिन्न उपायहरूबारे जानकारी गराइँदैछ । यसमा मुख्यतः सवारी चलाउँदा अनिवार्य रूपमा ब्लु बुक र लाइसेन्स बोक्नुपर्ने, फुटपाथ भएको स्थानमा फुटपाथमै हिँड्नुपर्ने, फुटपाथमा सवारी पार्किङ नगर्नुपर्ने, लेन अनुशासन पालना गर्नुपर्ने, हेल्मेट र सिटबेल्टको अनिवार्य प्रयोग गर्नुपर्ने जस्ता नियमहरूको जानकारी दिईदैछ । साथै, रातिको समयमा साइकल वा मोटरसाइकल चलाउँदा चम्किने लुगाको प्रयोग गर्न र सवारी चलाउँदा हेडलाइटको लो बिमको प्रयोग गर्न सुझाव ट्रफिक प्रहरीको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन